पूर्णाङ्क २०, वर्ष १० अंक १

# महान्यायाधिवक्ताको कार्यालयको

# बुलेटिन

## २०७७ साउन/भदौ

प्रकाशक

महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं

**संरक्षक**

मानिनीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय

नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल

नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला

नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे

**समन्वय**

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

**सम्पादन**

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

**सहयोग**

नायब सुब्बा श्री चन्दनकुमार ठाकुर

# विषय – सूची



| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | अभियोजन सुधार वर्ष | |
| | १. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले गर्नु भएको सम्बोधन | |
| | २. नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेयले अनलाइन मार्फत सरकारी वकील तथा कर्मचारीहरुलाई गर्नु भएको सम्बोधन | |
| २. | पुनरावलोकनको निवेदन र आदेश | |
| | १. पुनरावलोकनको निवेदन | |
| | २. पुनरावलोकनको अनुमतिको आदेश | |
| ३. | निर्णयहरु | |
| | १. समन्वय समितिका निर्णयहरु | |
| | २. व्यवस्थापन समितिका निर्णयहरु | |
| ४. | सरकारी वकील सम्बन्धी नियमावली, २०७७ | |
| ५. | प्रशिक्षण | |
| | १. सरकारी वकीलका लागि | |
| | २. राजपत्र अनंकित कर्मचारीका लागि | |
| ६. | परिपत्र र निर्देशन | |
| ७. | विविध | |
| | १. | |
| | २. | |

# १. अभियोजन सुधार वर्ष, २०७७ घोषणा

**महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अन्तिम वर्षलाई अभियोजन सुधार वर्षको रुपमा घोषणा गरिएको छ । माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको मिति २०७७।०४।०८ गतेको निर्णय बमोजिम आर्थिक वर्ष २०७७/०७८ लाई अभियोजन सुधार वर्षको रुपमा घोषणा गरिएको हो । सो अनुसार माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले साउन ९ गते अनलाइन मार्फत सबै सरकारी वकील र कर्मचारीलाई सम्बोधन गर्नु भएको थियो ।**

## १. व्यवस्थापन समितिको निर्णय

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलको अध्यक्षतामा मिति २०७७ साल साउन ८ गते बसेको व्यवस्थापन समितिको बैठकले महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासका लागि महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमहरुको कार्यान्वयनलाई निरन्तरता दिँदै आ.ब. २०७७।०७८ लाई अभियोजन सुधार वर्षको रुपमा घोषणा गरी सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरेको छ ।

१. महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शनलाई पुनरावलोकन गर्ने ।

२. अभियोगपत्र लेखनमा सुधार ल्याउनका लागि प्रतिनिधिमूलक मुद्दाका नमुना अभियोगपत्रहरु तयार गरी सरकारी वकीलहरु समक्ष पुऱ्याउने ।

३. अभियोगपत्र लेखन सम्बन्धी प्रशिक्षण सबै सरकारी वकीलहरुलाइे प्रदान गर्ने ।

४. अभियोजन परीक्षणको कार्यलाई प्रभावकारी बनाउने गरी निरन्तरता दिने । विद्युतीय माध्यमबाट समेत अभियोजनसम्बन्धी निर्णयको निरन्तर अनुगमन गर्ने ।

५. सरकारी वकील कार्यालयहरुबाट तयार पारिएका उत्कृष्ट अभियोगपत्रहरु संकलन गरी प्रकाशन गर्ने ।

६. अभियोजनसम्बन्धी नीतिगत मार्गदर्शनका लागि महान्यायाधिवक्ताको कार्यालयमा स्थापित सहजीकरण समितिलाई प्रभावकारी बनाउने ।

७. अभियोजनलाई प्रभावकारी बनाउने कार्यमा सबै तहका समन्वय समितिलाई सक्रिय बनाउने ।

८. अभियोजनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरुका बारेमा अनुसन्धानमूलक अध्ययन गर्ने ।

९. अभियोजनसम्वन्धी निर्णय र अभियोगपत्र लेखनलाई पुरस्कार र दण्डसँग आबद्ध गर्ने ।

१०. अभियोजनमा सुधार ल्याउनका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ता सरकारी वकीलहरुको कार्य सम्पादनको संयुक्तरुपमा आवधिक समीक्षा गर्ने ।

११. अभियोजनलाई प्रभावकारी बनाउनकाका लागि पूर्व महान्यायाधिवक्ता तथा पूर्व नायब महान्यायाधिवक्ताहरुसँग परामर्श गरी प्राप्त राय सुझावका आधारमा सुधारका कार्य गर्ने ।

१२. अपराध अनुसन्धानलाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन सहजीकरण गर्ने र परीक्षण प्रतिवेदनहरु समयमा प्राप्त गर्न विधि विज्ञान प्रयोगशालाहरुसँग समन्वय गर्ने ।

१३. अपराध पीडितको सहायता र संरक्षणका लागि थप प्रबन्ध गर्ने ।

१४. शंकितका आधारभूत अधिकार र स्वच्छ सुनुवाइका मापदण्डको पालनालाई थप प्रभावकारी बनाउने ।

१५. सरकारी वकील दिग्दर्शनलाई पुनरावलोकन गरी प्रकाशन गर्ने र सरकारी वकील तथा अनुसन्धानकर्ताको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

## २. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले मिति २०७७ साल साउन ९ गते शुक्रबार सरकारी वकील तथा कर्मचारीहरुलाई गर्नु भएको सम्बोधन

**नायब महान्यायाधिवक्ताज्यूहरु,**

**सम्पूर्ण सरकारी वकील तथा कर्मचारीहरु ।**

१. नयाँ आर्थिक वर्षको प्रारम्भसँगै हामीले फेरी नयाँ उत्साहका साथ कार्यक्षेत्रमा क्रियाशील हुनु पर्ने अवस्था छ । विगतमा गरिएका कार्यक्रमको समीक्षा एवम् हासिल भएका उपलब्धिको मूल्यांकन गर्दै नयाँ कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ ।

२. कोभिड १९ को संक्रमणले गत आर्थिक वर्षका पछिल्ला केही महिनाहरु नराम्रो गरी प्रभावित भए । सिंगो विश्व प्रभावित भएको अवस्थामा सरकारी वकील कार्यालयहरु पनि प्रभावित हुनु स्वाभाविक हो । यो समयावधिमा यहाँहरुले सरकारी वकील कार्यालयको कार्य सम्पादनलाई निरन्तरता दिई कार्य सम्पादनप्रति देखाउनु भएको उच्च प्रतिबद्धता प्रशंसायोग्य रहेको छ । यहाँहरुले अपनाउनु भएको सावधानीलाई निरन्तरता दिँदै सुरक्षाका थप उपायहरुका साथ अब कार्यक्षेत्रका क्रियाशील हुनु पर्ने बाध्यता आइपरेको छ । आपसी समन्वय गरी सरकारी वकील तथा कर्मचारीहरुले स्वास्थ्य सावधानीका उपायहरु अवलम्बन गर्दैं कार्य सम्पादन गर्नु हुनेछ । सामाजिक दुरी कायम गरी बयान, बकपत्र एवम् बहस पैरवीको अभ्यास गर्नु हुनेछ । सरोकारवाला निकायहरुसँग समन्वय गरी सम्भवभएसम्म विद्युतीय संजालको प्रयोगमा जोड दिनु हुनेछ ।

३. <u>गत वर्ष प्रक्षेपण गरिएका कार्यक्रमको संक्षिप्त समीक्षा</u>

महान्यायाधिवक्ताको जिम्मेवारीमा आएपछि आवधिक रुपमा कार्य सम्पादनको मूल्यांकन गर्दै आगामी कार्यक्रमहरुको प्रक्षेपण गरी कार्यान्वयनमा ल्याउने प्रयास भैरहेको छ । सोही क्रममा २०७६ साल साउन २६ गते सो वर्षका लागि केही लक्ष्य सहित कार्यक्रम प्रक्षेपण गरिएको थियो । ती कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई यसप्रकार उल्लेख गरिएको छ :

क. सेवा शर्तसम्बन्धी कानूनको तर्जुमाका लागि विधेयकको मस्यौदा नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ । सो कानून बनाउने विषयमा सरकारी वकील तथा कर्मचारीहरुको पनि साझा धारणा बन्नु पर्ने आवश्यकता देखिएको छ । यसै वर्ष सरकारी वकील सम्बन्धी नियमावली, २०७७ जारी भएको छ । सो नियमावलीले यहाँहरुको कार्य सम्पादनमा सहयोग पुग्नेछ ।

ख. गत वर्ष प्रक्षेपण गरिए बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ४ जना सहन्यायाधिवक्ता सहित ८२ जना सरकारी वकील र १३६ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ । अब सरकारी वकीलको संख्या महान्यायाधिवक्ता सहित ५२० र समग्र सरकारी वकील तथा कर्मचारीको संख्या १६३३ पुगेको छ ।

ग. विगत दुई वर्षअघि प्रारम्भ गरिएको सरकारी वकीलको विशिष्टीकरणको प्रशिक्षणको एउटा कोर्ष पूरा भएको छ । निर्धारण गरिएका ९ वटा विषयमा १२ वटा विशिष्टीकरण सम्बन्धी प्रशिक्षण सम्पन्न भैसकेका छन् । ती प्रशिक्षणमा ३५१ जना सरकारी वकीलहरुले सहभागिता जनाउनु भएको छ । गत आ.व. मा विभिन्न ६ वटा विषयमा विशिष्टीकरण सम्बन्धी प्रशिक्षणमा १५० जना सरकारी वकीललाई सहभागी गराउने लक्ष्य राखिएकोमा २०१ जना सरकारी वकीलको सहभागिता रहेको थियो । गत एक वर्षको अवधिमा देहायका विषयमा देहाय बमोजिमको संख्यामा सरकारी वकीलहरु विशिष्टीकरण सम्बन्धी प्रशिक्षणमा सहभागी हुनु भएको छ :

| सि.नं. | विषय | सहभागी संख्या |
|---|---|---|
| १. | संगठित अपराध निवारण कानून | २४ |
| २. | विद्युतीय अपराध | २३ |
| ३. | सार्वजनिक सम्पत्ति संरक्षण कानून | २७ |
| ४. | लैंगिक तथा बाल न्याय | २३ |
| ५. | सेवा कानून | ५३ |
| ६. | भ्रष्टाचार निवारण कानून | ५१ |

| | | |
|---|---|---|
| | जम्मा | २०१ |

घ. अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ पौष ४, ५ र ६ गते सम्पन्न भयो । खासगरी मुलुकी संहिताको कार्यान्वयनको समीक्षा गर्न र अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा समन्वय कायम गरी कार्य सम्पादनमा सुधार ल्याउनका लागि यो सम्मेलनले महत्वपूर्ण मार्गनिर्देशन गरेको छ ।

ङ. दुई वर्ष अघिदेखि थालनी गरिएको अभियोजन परीक्षणलाई निरन्तरता दिँदै गत आ. व. मा ५० वटा जिल्लाको अभियोजन परीक्षण गर्ने लक्ष्य राखिएकोमा विभिन्न असहजता आइपरेको कारण संख्यात्मक रुपमा सो लक्ष्य हासिल हुन सकेन । यद्यपि गत वर्ष ६० वटा सरकारी वकील कार्यालयको अभियोजन परीक्षण गरियो र परीक्षणबाट प्राप्त पृष्ठपोषणका आधारमा कार्य सम्पादनमा सुधारका लागि मार्गदर्शन समेत गरिएको छ ।

च. हिरासत तथा कारागार निरीक्षण तर्फ ५० जिल्लाको अनुगमन गर्ने लक्ष्य राखिएकोमा ३४ वटा जिल्लाको मात्र अनुगमन हुन सक्यो । हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी देखिएको अवस्थाका बारेमा सरोकारवाला निकायहरुसँग नियमित रुपमा छलफल गरिएको छ । सुधारका लागि सहजीकरण गरिएको छ । खासगरी बाल सुधार गृहको व्यवस्थापनमा सुधारका लागि दिइएका कतिपय सुझावहरु कार्यान्वयनको क्रममा रहेका छन् । कोभिड-१९ को कारण लकडाउनको अवधिमा बाल सुधार गृहमा रहेका बालबालिकाको व्यवस्थापनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको अग्रसरता स्वरुप २२८ जना बालबालिका बाल सुधार गृहबाट मुक्त भएका छन् । त्यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को व्यवस्था कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको सहजीकरणबाट २१९ जना कैदी बन्दी थुना मुक्त भएका छन् । संख्यात्मक रुपमा कति मानिसहरु छुटे भन्नु भन्दा नयाँ कानूनी व्यवस्थाको कार्यान्वयन प्रारम्भ भएको विषयलाई सकारात्मक रुपमा लिनु पर्दछ ।

छ. महान्यायाधिवक्ताको कार्यालयबाट बाल सुधार गृहको विस्तार र स्तरोन्नतिका लागि सहजीकरण गरिएको छ । बाल सुधार गृहमा पुस्तकालयको स्थापनाका लागि महान्यायाधिवक्ताको कार्यालयबाट प्रारम्भिक थालनी गरिएको छ । ती सुधार गृहको व्यवस्थापनमा सुधार ल्याउनका लागि सम्बन्धित निकायसँग सहजीकरण गरिएको छ । मुख्य न्यायाधिवक्ताहरुलाई पनि बाल सुधार गृहको अनुगमन गर्न र सोको प्रतिवेदन प्रस्तुत गर्न जिम्मेवारी दिइएको छ ।

ज. नेपाल प्रहरीसँग साझेदारीमा देशभर एकै पटक समुदाय प्रहरी साझेदारी र समुदायमा सरकारी वकील कार्यक्रम संयुक्त रुपमा सञ्चालन गरियो । यसले अनुसन्धानकर्ता र अभियोजनकर्ताको सहकार्यका लागि समेत वातावरण निर्माण गर्न सहयोग गऱ्यो । सचेतना विस्तारमा प्रहरीसँगको सहकार्य प्रभावकारी हुने रहेछ भन्ने संकेत सो कार्यक्रमले दिएको छ ।

झ. सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायका पदाधिकारीहरु खासगरी नेपाल सरकारका सचिवहरु र विभागीय प्रमुखहरुसँगको छलफललाई नियमित बनाइएको छ । यसबाट विवादसँग सम्बन्धित विषयमा जानकारी र कागजात प्राप्त गर्न सहज हुँदै आएको छ ।

ञ. महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको निरन्तर सहजीकरणबाट राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको दुई प्रदेशमा शाखा विस्तार भएको छ । यो वर्ष थप दुई प्रदेशमा शाखा विस्तारका लागि नेपाल सरकारबाट नीति तथा कार्यक्रम एवम् बजेटमा प्रतिबद्धता प्रकट भएको छ । प्रयोगशालाको विस्तारसँग परीक्षण प्रतिवेदन समयमा प्राप्त हुने र अनुसन्धान प्रक्रिया छिटो टुंगोमा पुऱ्याउन सहज हुने अपेक्षा राखिएको छ ।

ट. अन्य मुलुकले गरेका असल अभ्यासको बारेमा जानकारी लिन दिनका लागि गत एक वर्षमा ७३ जना सरकारी वकीलले वैदेशिक अध्ययन भ्रमणको अवसर प्राप्त गर्नु भएको थियो । कोभिड १९ को संक्रमणले प्रभाव नपारेको भए अझै धेरै सरकारी वकीलले अवसर पाउने अवस्था थियो । प्रशिक्षणका लागि मनोनयन भएर पनि सहभागिता जनाउन नपाएको अवस्था पनि रह्यो । परिस्थितिमा परिवर्तन आउनासाथ उक्त प्रक्रियालाई पुनः अगाडि बढाइने छ र धेरै भन्दा धेरै सरकारी वकीलहरुलाई यस प्रकारका अनुभव लिन सक्ने उपयुक्त वातारण सृजना गरिनेछ ।

ठ. राम्रो काम गर्नेलाई पुरस्कृत र खराब काम गर्नेलाई दण्डित गरी महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुलाई अनुशासित संस्थाको रुपमा स्थापित गर्ने प्रयास निरन्तर छ । एटर्नी अफ द इयर समेतका उत्कृष्ट कार्य

सम्पादन गर्ने सरकारी वकील र कर्मचारीहरु पुरस्कृत गरिएको छ । कार्य सम्पादनमा त्रुटि गर्ने, लापरवाही गर्नेलाई उपयुक्त तवरले व्यवस्थापन गरिएको छ ।

ड. इ एटर्नी कार्यक्रम अन्तर्गत ५० वटा कार्यालयहरु विद्युतीय सञ्जालमा आबद्ध भएका छन् । सो अनुसार विद्युतीय माध्यमसँग कार्य सम्पादनलाई आबद्ध गर्न यहाँहरुको थप क्रियाशीलता आवश्यक देखिएको छ । सरकारी वकील तथा कर्मचारीहरुलाई सूचना प्रविधि पद्धतिको प्रयोगमा अभ्यस्त तुल्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

ढ. सरकारी वकीलको क्षमता विकासका लागि विभिन्न विषयका प्रशिक्षणमा सबै तहका सरकारी वकील र कर्मचारीहरुलाई सहभागी गराउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिएको छ । यो प्रयोजनका लागि पछिल्लो समयमा विद्युतीय सञ्जालको माध्यमबाट सञ्चालन गरिएको कार्यक्रममा यहाँहरुले देखाउनु भएको उत्साह प्रशंसनीय रहेको छ । प्रविधिमा अभ्यास्त हुन नसक्दा अनलाइन प्रशिक्षणको क्रममा यहाँहरुलाई निश्चय नै केही असुविस्ता भएको होला । तर सिकाइको अभियानलाई असहज अवस्थामा पनि निरन्तरता दिने ध्येयले महान्यायाधिवक्ताको कार्यालयले अनलाइन कार्यक्रम चलाएको हो । सबै तहका जनशक्तिको सीप विकासलाई लक्षित गरी यस्ता कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिने छ ।

ण. महान्यायाधिवक्ताको कार्यालयले इन्टरनेशनल एशोसिएसन अफ प्रोसिक्युटरको सदस्यता प्राप्तिसँगै यसका कार्यक्रमहरुमा सहभागिताको अवसर विस्तार हुने अवस्था छ । सो संस्थासँग थप सहकार्यका लागि प्रयास पनि भैरहेको छ । सरकारले निर्धारण गरेको मापदण्डभित्र रही सरकारी वकीलको क्षमता विकासका लागि अन्य संस्थाहरुसँग पनि सहकार्यको क्षेत्र खोजी गरिनेछ ।

४. सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण र सरकारी वकीलको व्यावसायिकता विकासको हिसावले गत आर्थिक वर्ष उल्लेख्य रह्यो । केही सरकारी वकील कार्यालयहरुको भौतिक निर्माण सम्पन्न भएको छ । केही निर्माणको अन्तिम चरणमा छन् र केही निर्माणको प्रारम्भिक चरणमा छन् । म महान्यायाधिवक्ताको रुपमा नियुक्त भएर आएपछि १९ वटा नयाँ भवन उद्घाटन भएका छन् । ८ वटा भवन निर्माणका लागि शिलान्यास भएका छन् । थप ९ **वटा भवन निर्माण कार्य सम्पन्न भई उद्घाटनको चरणमा पुगेका छन् । (जिल्ला सरकारी वकील कार्यालय भोजपुर, सिरहा, धनुषा, महोत्तरी, सल्यान, बर्दिया, कैलाली, दार्चुला, डडेल्धुरा) ।** यो वर्ष थप १५ वटा भवनहरुको निर्माण कार्य सम्पन्न हुनेछ । (**उच्च सरकारी वकील कार्यालय पोखरा, इलाम र बुटवल, जिल्ला सरकारी वकील कार्यालय मोरङ, तेह्रथुम, ओखलढुंगा, सर्लाही, वारा, चितवन, दाङ, रुकुम पश्चिम, वैतडी, बाजुरा, हुम्ला, कालिकोट**) । विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको भवन निर्माणका लागि ठेक्का संझौता भइसकेको छ । कार्यबोझ बढी भएका सरकारी वकील कार्यालयहरुलाई प्राथमिकतामा राखी भवन निर्माणको कार्य अगाडि बढाइएको छ । यो वर्ष पनि यो कार्य निरन्तर अगाडि बढ्ने छ । परिस्थिति अनुकूल भयो भने थप भवन निर्माणको कार्यलाई विस्तार गरिने छ ।

५. भवन, सवारी साधन, प्रशिक्षण आदि संस्थागत प्रयासहरु कार्य सम्पादनका लागि सहयोग गर्ने आधार मात्र हुन् । मूल विषय त यहाँ कार्यरत जनशक्तिको कामप्रतिको समर्पण नै हो । सरकारी वकीलको कार्य सम्पादनलाई अझ प्रभावकारी बनाउन उपयुक्त कार्य वातावरण निर्माण गर्ने उद्देश्यले भवन निर्माण लगायतका पूर्वाधार विकासका कार्यलाई प्राथमिकतामा राखिएको हो । संस्थाको यो अपेक्षा पूरा गर्न यहाँहरुबाट थप उर्जासहित कार्य सम्पादनलाई नतिजामुखी बनाउन जागरुक हुनु हुनेछ भन्ने आशा राखेको छु ।

६. करिव दुई वर्षअघि थालनी गरिएको सरकारी वकीलको विशिष्टीकरणको प्रक्रियाले एउटा चक्र पूरा गरेको छ । हालसम्म ७२ जना सरकारी वकीलले विशिष्टीकरणको प्रमाणपत्र पाउनु भएको छ । निरन्तर सिकाइमा क्रियाशील संस्थाको रुपमा सरकारी वकील कार्यालयलाई विकास गर्ने र सरकारी वकीलको क्षमता विकासका लागि संस्थागत योगदान पुऱ्याउने उद्देश्यले विशिष्टीकरणको प्रक्रिया अगाडि बढाइएको हो । निश्चय नै विशिष्टीकरणको प्रशिक्षणले मात्र व्यावसायिक विकासका लागि पूर्णता दिन सक्दैन । यसका लागि सम्बन्धित सरकारी वकीललाई उत्साहित तुल्याउने मात्र हो । अग्रसरता त सम्बन्धित सरकारी वकीलले नै देखाउनु पर्ने हुन्छ । यो प्रशिक्षणबाट सहभागीहरुको क्षमताको मूल्यांकन गर्न समेत सहयोग पुगेको छ । यसलाई क्रमशः विशेष जिम्मेवारी प्रदान गर्ने विषयसँग पनि आबद्ध गर्दै लगिने छ । सो क्रममा यो वर्ष पनि महान्यायाधिवक्ताको कार्यालयबाट प्रशिक्षण प्रदायक निकायहरुसँग समेत समन्वय गरी विशिष्टीकरणका थप ६ वटा कार्यक्रमहरु संचालन गरिने छन् । कार्यतालिका बनाएर सबै विषयमा पुनर्ताजकी प्रशिक्षण पनि संचालन गरिने छ । आफ्नो

रुची र संस्थागत आवश्यकतालाई दृष्टिगत गरी विशिष्टीकरणको प्रशिक्षणमा सहभागी हुनका लागि म सबै सरकारी वकीलहरुलाई आग्रह गर्न चाहन्छु ।

७. मुलुकी अपराध संहिता, २०७४, मुलकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनको कार्यान्वयनको क्रममा सरकारी वकीलहरुले देखाउनु भएको अग्रसरताको म हार्दिक प्रशंसा गर्दछु । नयाँ कानूनी व्यवस्थाको अभ्यासमा आउन सक्ने दुविधालाई सम्बोधन गर्न महान्यायाधिवक्ताको कार्यालयले सहजीकरण समितिको व्यवस्था गरी यहाँहरुलाई सहजीकरण गरिरहेको छ । खासगरी कसूरको गम्भीरताको अवस्था हेरी पक्राउ नगरी अनुसन्धान गर्ने व्यवस्थाको कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट फौजदारी न्याय प्रशासनका सरोकारवाला निकायका पदाधिकारी समेतको सहभागितामा २०७६।१२।०६ र २०७७।१।०४ मा भएका निर्णयहरुको कार्यान्वयनमा यहाँहरुले अझै प्रभावकारी प्रयास गर्नु हुनेछ ।

८. बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ ले निर्देश गरेको प्रक्रियाको अवलम्बनमा विशेष अग्रसरता देखाउँदै औचित्यपूर्ण रुपमा दिशान्तर लगायतका व्यवस्थाको कार्यान्वयनका लागि प्रयास गर्नु हुनेछ । कसूरमा संलग्न बालबालिकाको उमेर एकीन गर्नका लागि उक्त ऐन तथा नियमावलीले निर्धारण गरेका प्राथमिकता क्रमको प्रभावकारी प्रयोग गर्नु हुनेछ । फौजदारी न्याय प्रशासनमा दण्डका सुधारात्मक प्रक्रियालाई पालना गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुनेछ भन्ने महान्यायाधिवक्ताको कार्यालयको अपेक्षा छ ।

९. विगतमा सम्पन्न सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनहरु एवम् अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनहरुले सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य विकासमा सकारात्मक सहयोग पुऱ्याएको अनुभव गरिएको छ । सबै सरकारी वकील कार्यालयहरुले ती सम्मेलनले पारित गरेका घोषणापत्रको कार्यान्वयनमा लागि आआफ्नो क्षेत्रमा अग्रसरता जनाउनु हुनेछ भन्ने अपेक्षा छ । वैज्ञानिक प्रमाणमा आधारित अनुसन्धान र अभियोजनले नै सरकारी मुद्दाको कसूर कायम दर बृद्धि गर्न र कानून र व्यवस्था कायम राख्न सहज हुने हुँदा उक्त कार्यमा सरकारी वकीलले संविधान र कानूनले दिएको जिम्मेवारी पालना गर्ने तर्फ थप अग्रसर हुनु पर्ने आवश्यकता औँल्याउँदछु ।

१०. सरकार वादी मुद्दामा प्रमाणको वैज्ञानिक परीक्षणलाई सहज र छिटो बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले गरेको प्रयास स्वरुप गत वर्ष  प्रदेश नं. २ को बर्दिवास र सुदुर-पश्चिम प्रदेशको धनगढीमा विधि विज्ञान प्रयोगशालाको शाखा कार्यालय स्थापना भई यो आर्थिक वर्षदेखि कार्य प्रारम्भ गर्ने अवस्था छ । यो वर्ष थप दुई वटा प्रदेशमा प्रयोगशालाको विस्तार गर्न र सो प्रयोगशालाको स्वायत्तताको संरक्षणका लागि छुट्टै ऐन बनाउनका लागि प्रयास भैरहेको व्यहोरा सबैमा जानकारी गराउँदछु ।

११. जातीय भेदभाव तथा छुवाछूत र वालन्याय सम्वन्धी विषयलाई समेत समावेश गरी गत वर्षदेखि अभियानको रुपमा थालनी गरिएको समुदायमा प्रहरी र सरकारी वकील साझेदारी कार्यक्रमले सचेतना अभिवृद्धि गर्न र सरकारी वकीललाई समुदायमा परिचित गराउन सहयोग पुगेको छ । यद्यपि कोभिड १९ को संक्रमणका कारण यो अभियानलाई यो वर्ष नयाँ रुपमा लैजानु पर्ने आवश्यकता देखिएको छ । विद्युतीय माध्यमका प्रचारप्रसार सामग्रीको निर्माण गरी स्थानीय स्तरसम्म कानूनी सचेतना विस्तार गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयले विशेष प्रयास गर्नेछ । सरकारी वकीलको कार्य सम्पादनमा नकारात्मक प्रभाव नपर्ने गरी स्थानीयस्तरमा स्थानीय तहसँग समेत समन्वय गरी त्यस्तो सचेतना विस्तार गर्ने कार्यमा क्रियाशील हुन आग्रह गर्दछु । छाउपडी प्रथालाई मुलुकी अपराध संहिताले अपराधीकरण गरेको सन्दर्भमा केन्द्रिय समन्वय समितिको मिति २०७६।०८।२३ को निर्णय अनुसार सो कुप्रथाका बारेमा अभियानका रुपमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने र सो कसुरमा संलग्न भएका व्यक्तिहरुलाई कानूनको दायरामा ल्याउने कार्य भएको छ । सो सम्बन्धमा सचेतनामूलक कार्यक्रमलाई पनि समुदायमा प्रहरी र सरकारी वकील साझेदारी कार्यक्रम  मार्फत निरन्तरता दिन आवश्यक छ । त्यसमा यहाँहरुको साथ सहयोग हुने नै छ ।

१२. हेलो साक्षी कार्यक्रमको संचालनबाट परेको सकारात्मक प्रभावलाई मनन् गरी सबै सरकारी वकील कार्यालयहरुले अभियानको रुपमा सो कार्यक्रम संचालन गर्नु हुनेछ । साक्षीको बकपत्रमा सरकारी वकीलको सहभागिताको विषयमा अब कुनै प्रश्न उठ्ने वा नकारात्मक टिप्पणी आउने छैन । यहाँहरुले सरकारी साक्षीको उपस्थिति र बकपत्रमा सहजीकरण समेत गर्नु हुनेछ । प्रतिवादीका साक्षीको जिरहका लागि अग्रसर हुनु हुनेछ । साक्षीको बकपत्रलाई अभियोजनको निर्णय जतिकै मूल कामको रुपमा लिनु हुनेछ ।

१३. अपराध पीडितको अधिकार संरक्षणार्थ अपराध पीडित संरक्षण ऐन, २०७५ र फौजदारी कसूर (पीडित तथा राहत कोष) नियमावली, २०७७ ले गरेका व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा यहाँहरुको थप सक्रियता आवश्यक देखिएको छ। अपराध पीडितको अभिलेखीकरण गरी निरन्तर सम्पर्कमा रहनु पर्ने जिम्मेवारी सरकारी वकीलमा रहेको छ । अपराध पीडितको तत्काल उपचार, संरक्षण र अन्तरिम राहतका बारेमा विशेष संवेदनशील रुपमा प्रस्तुत हुनु हुनेछ । अपराध पीडित मैत्री कक्षको समुचित व्यवस्थापन गरी सरकारी वकील कार्यालयलाई पीडितको अभिभावकको रुपमा अनुभूति दिलाउने गरी कार्य गर्नु हुनेछ ।

१४. निरन्तर सुनुवाइको कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि सहयोगी हुनु हुनेछ भन्ने आशा राखेको छु । विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम राख्ने विषयमा यहाँहरु विशेष रुपमा संवेदनशील हुनु हुने अपेक्षा छ । सरकारी वकील कार्यालयमा रहेका अपराध पीडित मैत्री कक्षको समुचित व्यवस्थापन गरी लक्षित वर्गले उपयोग गर्न सक्ने व्यवस्था मिलाउनका लागि यहाँहरु सक्रिय रहनु हुनेछ । सरकारी वकीललाई अपराध पीडितको वास्तविक वकीलको रुपमा सामाजिक जीवनमा विश्वास आर्जन गर्न सक्ने खालका व्यवहार गर्नु हुनेछ ।

१५. यो वर्ष महान्यायाधिवक्ताको कार्यालयले अभियोजन सुधार वर्षको रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्नेछ । खासगरी अभियोगपत्र लेखनको अभ्यासलाई पुनरावलोकन गरिने छ । अभियोगपत्र लेखनको ढाँचामा सुधार गरी सबै सरकारी वकील कार्यालयहरुले एकरुपता कायम गर्ने गरी नमुना अभियोगपत्रको ढाँचा प्रकाशित गरिनेछ । अभियोजनका लागि प्रमाणको वस्तुगत मूल्यांकन गर्न सक्ने जनशक्ति विकासका लागि अभियानको रुपमा प्रमाणसम्बन्धी प्रशिक्षण अभियानको रुपमा सञ्चालन गरिने छ । उत्कृष्ट अभियोगपत्रको संकलन गरी प्रकाशन गरिने छ । अभियोजनको सुधारका प्रयासलाई पुरस्कारसँग आबद्ध गरिनेछ । अभियोजनमा सुधारका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिने छ । यस विषयमा पूर्व महान्यायाधिवक्ता एवम् पूर्व नायब महान्यायाधिवक्ताहरुसँग समेत परामर्श गरिने छ । अपराध अनुसन्धानमा सुधार ल्याउनका लागि अपराध अनुसन्धान गर्ने निकायका केन्द्रीय पदाधिकारीसँग समन्वय गरिने छ । अभियोजन परीक्षणको दायरा विस्तार गरिने छ । विद्युतीय माध्यमबाट समेत अभियोजन अनुगमन गर्ने व्यवस्था गरिने छ । तपाईहरु आजैबाट अभियोगपत्रलाई स्तरीय बनाउने दिशामा क्रियाशील हुनु होला । कार्य सम्पादनको उत्कृष्टता प्रभावकारी अभियोजनबाट नै झल्किन सक्दछ । राम्रो अभियोजन गर्ने अभियोजनकर्तालै नै विशेष जिम्मेवारी पाउने परिपाटी विकास गरिने छ ।

१६. सरकार वादी मुद्दामा गरिने पुनरावेदन तथा दोहोऱ्याइ पाँऊ सम्बन्धी निवेदनमा अपेक्षित मात्रामा सफलता प्राप्त हुन नसकेको अवस्थाप्रति यहाँहरु सबै जानकार हुनुहुन्छ । यो वर्ष ती विषयलाई सुधारको प्राथमिकतामा राख्नु पर्नेछ । आधार र औचित्य खुलाई पुनरावेदन र निवेदन गर्ने गरी अभ्यास विकास गर्न यहाँहरुबाट पनि सक्रियताको अपेक्षा राखेको छु । बस्तुगत आधार र औचित्य स्थापित हुन नसक्ने देखिएका मुद्दामा पुनरावेदन निवेदन नगर्ने परिपाटी विकास गर्न पनि हामी सबैले साझा अग्रसरता देखाउनु पर्नेछ । एउटा मुद्दामा पटक पटक असफलता व्यहोर्नु परेको अवस्थाबाट हामीले पनि पाठ सिक्नु पर्ने अवस्था छ । त्यसैगरी पुनरावेदन तथा निवेदनमा विषयवस्तुको प्रस्तुति एवम् भाषाको स्तरीयताको बारेमा पनि यहाँहरुबाट विशेष सजगता अपनाइने छ भन्ने विश्वास लिएको छु ।

१७. सरकारी वकीलको कार्य सम्पादनको परीक्षणलाई यो वर्ष निरन्तरता प्रदान गरिने छ । विद्युतीय माध्यमबाट अभियोजनका निर्णयको अभिलेखीकरण गरी महान्यायाधिवक्ताको कार्यालयबाट नियमित रुपमा त्यस्ता निर्णयको अनुगमन गरिने छ । नियतपूर्वक गरिने कुनै पनि काम कारवाहीहरु क्षमाका विषय बन्ने छैनन् । स्वाभाविक रुपमा ती विषय दण्डसँग जोडिने छन् । त्यस्तो अप्रिय कार्य गर्नु पर्ने अवस्था कसैका लागि पनि सुखद हुने छैन । यस्तो बाध्यात्मक अवस्थामा पुऱ्याउने गरी यहाँहरुबाट कुनै कार्य हुने छैनन् भन्ने कामना गर्दछु । अनुसन्धानमा भएको लापरवाही वा गम्भीर त्रुटिका विषयमा महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउन पनि म सबै सरकारी वकीललाई आग्रह गर्दछु ।

१८. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको यो चार वर्षको अवधिमा सुधारका केही संकेतहरु देखिएका छन् । योजनाबद्ध रुपमा गरिने सुधारका कार्यक्रमहरुले संख्यात्मक रुपमा उपलब्धि हासिल भएको पनि देखिएको छ । भवन बनेका छन् । सवारी साधनको प्रबन्ध गरिएको छ । उपकरणहरु थपिएका छन् । स्वदेश एवं विदेशमा अध्ययन भ्रमण तथा प्रशिक्षण कार्यक्रमको सिलसिला निरन्तर चलेको छ । जनशक्तिको दरबन्दी थप भएको छ । यी प्रयासहरु पर्याप्त छैनन् होला । पूर्ण छैनन् होला । तर विगतको अवस्थाभन्दा अवस्य पनि सुधारात्मक दिशामा उन्मुख छन् । त्यसैले योजनाबद्ध विकास प्रक्रियालाई निरन्तरता प्रदान गरिने छ । पन्ध्रौं राष्ट्रिय योजनामा समेत समावेश भैसकेको हुँदा अब यो वर्ष महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्नका लागि कार्य प्रारम्भ गरिने छ । यहाँहरुले सक्रियतापूर्वक सो योजना निर्माण प्रक्रियामा सहभागिता जनाउनु हुनेछ भन्ने अपेक्षा छ ।

१९. पछिल्ला वर्षहरुमा सरकारी वकील तथा कर्मचारीको दरबन्दी उल्लेख्य रुपमा रुपमा विस्तार भएको छ । कार्यबोझ बढी भएका कार्यालयहरुलाई लक्षित गरी दरबन्दी पुनरावलोकन गरिएको छ । अब कार्य सम्पादनमा गुणात्मक सुधार गरी थप गरिएका दरबन्दीको औचित्य सिद्ध गर्नु पर्ने जिम्मेवारी आइपरेको छ । यहाँहरुले सो जिम्मेवारी पत्यारलायक रुपमा पूरा गर्नु हुने विश्वास लिएको छु ।

२०. अबका केही महिनाभित्रै महान्यायाधिवक्ताको कार्यालय नयाँ भवनमा सर्दैछ । सो भवनमा अभियोजन संग्रहालयसमेत स्थापनाका लागि आवश्यक पूर्वाधार तयारीको कार्य भैरहेको छ । यहाँहरु कार्यरत रहेको सरकारी वकील कार्यालयमा संग्रहालयमा राख्न लायक सामग्री भएमा उपलब्ध गराउनका लागि म यहाँहरुलाई आग्रह गर्दछु ।

२१. जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं र विशेष सरकारी वकील कार्यालयको भवन अब शिलान्यासको चरणमा पुगेको छ । धेरै प्रयत्न र सरोकारवाला निकायको साथ सहयोगबाट सो भवन निर्माण हुन लागेको छ । उक्त क्रममा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अब उच्च सरकारी वकील कार्यालय, पाटन, वीरगञ्ज र ओखलढुंगा तथा जिल्ला सरकारी वकील कार्यालय, इलाम र जाजरकोटका लागि प्राथमिकतापूर्वक भौतिक पूर्वाधारको व्यवस्था गर्नु पर्ने अवस्था छ । यो आर्थिक वर्षमा सो प्रयोजनका लागि सघन प्रयास गरिने छ । थप केही जिल्ला सरकारी वकील कार्यालयहरुको भवन निर्माणका लागि प्रयास गरिनेछ । विशेषत: जिल्ला सरकारी वकील कार्यालय सुर्खेत र काभ्रेपलाञ्चोकमा नयाँ भवन निर्माण गर्न र रुपन्देहीमा एनेक्स भवन बनाउन विशेष प्रयास गरिने छ ।

२२. महान्यायाधिवक्ताको कार्यालयबाट प्रत्येक प्रदेशमा दुई वटा सरकारी वकील कार्यालयहरुलाई नमुना सरकारी वकील कार्यालयको रुपमा घोषणा गरी कार्यादेश समेत दिइएको थियो । (प्रदेश नं. १ का झापा र सुनसरी, प्रदेश नं. २ का धनुषा र बारा, वाग्मती प्रदेशका धादिङ र ललितपुर, गण्डकी प्रदेशका कास्की र तनहुँ, प्रदेश नं. ५ को रुपन्देही र बाँके, कर्णाली प्रदेशको सुर्खेत र जुम्ला, सुदूर पश्चिम प्रदेशको कञ्चनपुर र दार्चुला) ती कार्यालयहरुको कार्य सम्पादनको प्रभावकारिताका सम्वन्धमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले प्रतिवेदन तयार गरी पठाउनु होला । सो प्रतिवेदन समेतलाई विचार गरी सुधारका थप प्रयासहरु अगाडि बढाइने छ । सरकारी वकील कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउन यहाँहरु थप क्रियाशील हुनु हुनेछ ।

२३. उल्लिखित कार्यक्रमका अतिरिक्त यो वर्ष देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ :

क. महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको तेस्रो राष्ट्रिय कार्यशाला आयोजना गरी कार्य सम्पादनमा समन्वय र सहकार्यका थप आधारहरु निर्माण गरिने छ ।

ख. महान्यायाधिवक्ताको कार्यालयको ७० औं स्थापना दिवस भव्यताका साथ सम्पन्न गरी संस्थागत सुधारका प्रयासहरु र हासिल भएका उपलब्धिको मूल्यांकन गरिने छ । सो क्रममा विगतदेखि गरिँदै आएको एटर्नी अफ दि इयर र उत्कृष्ट सरकारी वकील तथा कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।

ग. सरकारी वकील दिग्दर्शनको पुनरावलोकन गरी कार्य सञ्चालनका लागि सहजीकरण गरिने छ । विभिन्न विषयमा स्रोत सामग्री र नजिरहरुको प्रकाशन गरिने छ । अभियोजन नीति र मार्गदर्शनको पुनरावलोकन गरिने छ । यसले कार्य सम्पादनमा एकरुपता कायम गर्न र गुणत्मकता प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

घ. पूर्व महान्यायाधिवक्ताज्यूहरु तथा नायब महान्यायाधिवक्ताज्यूहरुसँग महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि राष्ट्रिय कार्यशाला आयोजना गरी अभियोजन र सरकारी पक्षको प्रतिनिधित्वलाई प्रभावकारी बनाउने उपाय खोजी गरिने छ ।

ङ. संघीय प्रोवेशन तथा प्यारोल बोर्ड, सजाय सुझाव समिति र पीडित संरक्षण सुझाव समितिलाई क्रियाशील बनाई कानूनी व्यवस्थाको कार्यान्वयन गरिने छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेका सुधारात्मक व्यवस्थाको कार्यान्वयनका लागि सहजीकरण गरिनेछ ।

च. सरकारी वकील तथा कर्मचारीको क्षमता विकासका लागि संचालित विभिन्न कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिने छ । महान्यायाधिवक्ताको कार्यालयलाई निरन्तर सिकाइ (Continuous Learning) संगठनको रुपमा विकास गरिनेछ । ती कार्यक्रमहरुका यहाँहरुको उत्साहपूर्ण सहभागिता रहने अपेक्षा राखिएको छ ।

छ. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमहरुको कार्यान्वयनलाई निरन्तरता प्रदान गरिने छ ।

ज. विगत वर्ष प्रारम्भ गरिएको अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यमा संलग्न जनशक्तिका बीचमा छलफल गरी एक अर्काका अपेक्षाको आदान प्रदान गरिने छ ।

झ. सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित कानूनमा सुधार र पुनरावलोकनका लागि सहजीकरण गरिने छ ।

ञ. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र आदेश एवम् निर्देशनको कार्यान्वयनका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।

२४. अपराध गर्नेको कुनै राजनीतिक आवरण हुँदैन । त्यसैले कुनै अपराधलाई अपराधकै कोटीमा राखेर अनुसन्धान र अभियोजन गरिनु पर्दछ । कानूनी व्यवस्थाको प्रयोगबाट नै त्यस्तो अपराधको अभियोजन हुनु पर्दछ । कुनै पनि रुपमा व्यावसायिक मान्यतामा ठेस लाग्ने गरी कार्य गर्नु हुँदैन । न त कुनै प्रकारको हस्तक्षेपलाई आमन्त्रण गर्न नै मिल्दछ । कानूनका सिद्धान्त एवम् विद्यमान कानूनको प्रबन्ध नै हाम्रो कार्य सम्पादनका रक्षा कवच हुन् । पारदर्शिताको युगमा हाम्रा कामहरु पनि सार्वजनिक भएकै छन् । यहाँहरु यो विषयमा परिचित हुनु हुन्छ । असल नियतले गरेका कामहरु संस्थागत संरक्षणका विषय हुन्छन् । खराव काम र बद्नियतलाई कानूनले दण्डित गर्ने व्यवस्था गरेको छ । यहाँहरु सबै यी दुवै विषयमा प्रष्ट हुनु पर्दछ ।

२५. कानूनको शासन र लोकतन्त्र भएको मुलुकमा अपराधको नियन्त्रण गरी शान्ति र व्यवस्था कायम गर्ने राज्यको उद्देश्य पूरा गर्न सबै पक्ष क्रियाशील हुनु पर्दछ । यहाँहरुले कानूनले सुम्पिएको जिम्मेवारी इमान्दारितापूर्वक र निष्ठापूर्वक सम्पादन गर्नु हुन्छ भन्ने विषयमा विश्वासको वातावरण निर्माण गर्नुहोस् । यहाँहरुले असल नियतले गरेका कामको संरक्षण गर्ने जिम्मेवारी म निर्वाह गर्नेछु । समयले यो भूमिकामा यहाँहरु रहनु भएको छ । संयोगले म पनि यहाँहरुसँग जोडिन आइपुगेको छु । भावी पुस्ताले सम्झन लायक काम गर्न हामी सबै क्रियाशील होऔं । भोलिको स्वप्निल भविष्य आजको मेहनतले नै हासिल हुने हो । खासगरी नेतृत्व तहमा रहनु भएका सरकारी वकीलहरुले व्यावहारिक रुपमा सुधारका प्रयासहरुलाई नतिजामा पुऱ्याउन क्रियाशील हुनु होला । नकारात्मक अभिव्यक्ति र स्वार्थपरक दृष्टिकोण बोकेर कुनै पनि संस्थाको उन्नति सम्भव छैन । कुनै पनि संस्थाको उन्नति ईर्ष्या र द्वेष बोकेर मात्र हुँदैन । सकारात्मक सोच र सकारात्मक मनोविज्ञानले नै असल नेतृत्व दिन सकिन्छ भन्नेमा कुनै शंका छैन । असल अभ्यासको प्रतिस्पर्धा र सिर्जनशील प्रस्तावलाई सधैं उत्प्रेरित गर्नु पर्दछ भन्ने नै मेरो मान्यता हो । महान्यायाधिवक्ताको कार्यालयबाट भैरहेका यी सुधारका प्रयासहरुमा यहाँहरु सबैको साथ, सहयोग र समर्थन रहेको छ । यसका लागि यहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ । भावी दिनमा पनि यस्तै सहयोगको अपेक्षा राखेको छु । अन्त्यमा, यहाँहरुको सुस्वास्थको कामना गर्दछु । यहाँहरुको रचनात्मक क्रियाशीलताको अपेक्षा राख्दछु ।

धन्यवाद ।

**२. मिति २०७७ साल साउन ५ गते बरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेयले अनलाइन मार्फत सरकारी वकील तथा कर्मचारीहरुलाई गर्नु भएको सम्बोधन**

**माननीय महान्यायाधिवक्ताज्यू,**

**नायब महान्यायाधिवक्ताज्यूहरु,**

**सरकारी वकील तथा कर्मचारी मित्रहरु ।**

१. कोरोना भाइरसको संकटको अवस्थामा नयाँ आर्थिक वर्ष प्रारम्भ भएको छ । यो महामारीको समयमा यहाँहरुले स्वास्थ्य सुरक्षालाई जोखिममा राखेर पनि आफूलाई प्राप्त जिम्मेवारी सम्पादन गर्दै आउनु भएको छ । आगामी दिनमा पनि अझ बढी सचेत र संवेदनशील भई कार्य क्षेत्रमा क्रियाशील हुनु हुने विश्वास छ । लकडाउनको यस्तो बिषम परिस्थितिमा समेत यहाँहरुले गर्नु भएको मेहनत र संस्थालाई पुऱ्याउनु भएको अतुलनीय सहयोग प्रशंसनीय रहेको छ । गत आर्थिक वर्षको कार्य सम्पादनमा यहाँहरुले पुऱ्याउनु भएको योगदानका लागि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा अझ बढी सचेत र संवेदनशील भई आफ्नो कार्य क्षेत्रमा क्रियाशील हुनु हुनेछ भन्ने आशा एवं विश्वास छ ।

२. हामी आर्थिक वर्षको प्रारम्भमा छौं । अघिल्लो वर्षको कार्य सम्पादनको समीक्षा गर्दै आगामी समयका लागि सुधारका उपायहरु अपनाउने रणनीति सहित काम गर्नु पर्ने अवस्था छ । गत आर्थिक वर्षको पछिल्लो चौमासिक अवधि लकडाउनका कारण सहज नभएको व्यहोरा यहाँहरुलाई जानकारी भएकै विषय हो । यद्यपि समग्र कार्य सम्पादनको अवस्था भने निराशाजनक छैन । सम्पूर्ण रुपमा अपेक्षा गरिएका कार्यक्रमहरु सम्पादन गर्न सहज नभए पनि नतिजा सन्तोषप्रद नै रहेको प्रारम्भिक आँकलन गरिएको छ । अब बन्ने वार्षिक प्रतिवेदनबाट नै यसको निर्क्योल हुनेछ ।

३. सरकारी वकील कार्यालयको कार्य सम्पादन र प्रशासनिक व्यवस्थापनका बारेमा महान्यायाधिवक्ताको कार्यालयमा सबै खालका सूचना र जानकारीहरु निरन्तर आइरहेका छन् । यहाँहरुले गर्नु भएका कार्यहरुको जानकारी जसरी आई पुगेको छ, यदि खराव काम भएका छन् भने त्यसको जानकारी पनि त्यसरी नै आइपुग्ने नै भयो । त्यसरी प्राप्त भएका जानकारीहरुलाई हामीले निरन्तर जाँचबुझ अर्थात् भेरिफिकेशन गरिरहेका छौं । यहाँहरु आफैले पनि आफ्नो कर्मको मूल्यांकन गरिरहनु भएकै हुनुपर्छ । सुपरिवेक्षण तहबाट पनि त्यसको सुपरिवेक्षण गरिरहनु भएको छ भन्ने विश्वास छ । आफू सही ठाऊँमा नबसी अरुलाई सही ठाऊँमा राख्न सकिँदैन भन्ने मान्यतालाई व्यावहारिक जीवनमा आत्मसात गर्नु पर्दछ भन्ने मेरो विश्वास छ र यहाँहरुबाट पनि यही अपेक्षा गरिएको छ ।

४. माननीय महान्यायाधिवक्ताज्यूको विशेष अग्रसरतामा सरोकारवाला निकायका पदाधिकारीहरुको उपस्थितिमा २०७६ चैत्र ६ र २०७७ बैशाख ४ गते भएका निर्णयहरु मध्ये सरकारी वकीलको जिम्मेवारीमा परेका विषयलाई कार्यान्वयन गर्ने र अरु सान्दर्भिक विषयमा सहजीकरण गर्ने कार्यमा यहाँहरु क्रियाशील हुनु भएकै छ र अझ बढी सक्रिय हुनु हुनेछ भन्ने विश्वास प्रकट गर्दछु । बर्तमान कानूनले फौजदारी न्यायको क्षेत्रमा गरेका सुधारात्मक व्यवस्थालाई कार्यान्वयन गरी न्याय सम्पादनलाई आधुनिक बनाउने दिशामा स्वास्थ्य क्षेत्रमा देखिएको संक्रमणले अवसर पनि सिर्जना गरेको छ । यस प्रक्रियामा यहाँहरुको विशेष अग्रसरता र ध्यान पुग्ने छ भन्ने अपेक्षा राख्दछु ।

५. मुलुकी अपराध संहिता समेतका संहिताबद्ध कानूनहरुको कार्यान्वयनका लागि माननीय महान्यायाधिवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय एवं सम्पूर्ण सरकारी वकीलहरुले देखाउनु भएको अग्रसरता र उत्साहबाटै हामी यो स्थानमा आइपुगेका छौं । कानून कार्यान्वयनको अभ्यासको क्रममा देखिएका समस्या समाधान गर्न एकापसमा सूचनाको आदानप्रदान गर्न र आपसी अन्तक्रियाका लागि तत्काल भौतिक उपस्थितिमा कार्यक्रम गर्न सम्भव देखिएको छैन । त्यसैले विद्युतीय सञ्जाल मार्फत यस्ता क्रियाकलापलाई अगाडि बढाउनु पर्ने आवश्यकता रहेको छ । **अब प्रत्येक महिनाको पहिलो साता उच्च तथा विशेष सरकारी वकील कार्यालयका प्रमुखहरुसँग महान्यायाधिवक्ताको कार्यालयबाट समीक्षा गर्ने कार्य थालनी गरिने छ** । उच्च सरकारी वकील कार्यालयहरुले पनि मासिक रुपमा मातहतका सरकारी वकील कार्यालयहरुको कार्य सम्पादनको अवस्थाको समीक्षा गर्ने परिपाटी विकास गर्नु हुनेछ ।

६. अपराध अनुसन्धानको प्रभावकारिता बेगर अभियोजन बलियो हुँदैन भन्ने कुरा हामी सबैले बुझेकै बिषय हो । त्यसैले प्रारम्भिक प्रतिवेदन प्राप्तिको प्रक्रियामा सुधार ल्याउन सम्बन्धित निकाय र पदाधिकारीसँगको समन्वयलाई अझ सुदृढ पार्ने

दिशामा यहाँहरुका पाइलाहरु अगाडि बढ्ने छन् भन्ने बिश्वास गरिएको छ । अनुसन्धानकर्ताको स्वायत्ततालाई सम्मान गर्दै प्रमाण संकलन, परीक्षण एवम् पीडित तथा साक्षीको सहायतामा उचित मार्गदर्शन गर्ने; प्रमाणको उचित विवेचना गरी अभियोजनको निर्णय गर्ने; बहस पैरवीलाई प्रभावकारी बनाउने कार्यका लागि यहाँहरुले थप पयत्न गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ । साक्षी वकपत्रलाई सरकारी वकीलको मूल जिम्मेवारीको रुपमा अंगिकार गर्नु हुनेछ । माननीय महान्यायाधिवक्ताज्यूको नेतृत्वमा यस वर्ष सरकारी वकील कार्यालयहरुले **अभियोजन सुधार वर्षको रुपमा कार्य सम्पादन गर्ने लक्ष्य राखिएको** हुँदा यहाँहरु पनि सोही अनुसार अभियोजनमा गुणस्तर अभिवृद्धि गर्न क्रियाशील हुनु हुनेछ ।

७. कसूरको अनुसन्धान र अभियोजनमा समन्वयका लागि सबै तहमा रहेका समन्वय संयन्त्रलाई क्रियाशील बनाउनु पर्ने आवश्यकता छ । यसबाट कार्य सम्पादनको गुणस्तरमा अभिबृद्धि हुने र उत्तरदायित्व प्रबर्द्धन गर्न समेत सघाउ पुग्ने हुन्छ । त्यसैले ती संयन्त्रको बैठकलाई औपचारिकताको रुपमा नलिई कार्य सम्पादनको समीक्षा गर्ने र सुधारका उपायहरु खोजी गर्ने थलोको रुपमा लिनु पर्दछ । खासगरी जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरुले आफ्नो स्तरको समन्वय समितिलाई आवधिक रुपमा समीक्षा गर्ने थलोको रुपमा विकास गर्ने र यसका लागि उच्च सरकारी वकील कार्यालयले आवश्यक समन्वय गर्नु हुनेछ । अपराध अनुसन्धान र अभियोजनको विषयमा बद्नियत राखी गरिने कार्यलाई कानूनले दण्डित गरेको विषयमा यहाँहरु परिचित नै हुनु हुन्छ । असल नियतलाई कानूनले नै बचाउ गरेको छ । कानूनले बचाउ गरेको हदसम्म संस्थागत संरक्षण हुन सक्दछ । कानूनले नै बचाउ नगरेको विषयलाई कसैले चाहेर पनि संरक्षण गर्न सकिदैन । त्यसैले यहाँहरुको कार्य सम्पादन कानूनको दायाराभित्र नै रहन्छ भन्ने विश्वास प्रकट गर्दछु ।

८. पुनरावेदन तथा दोहोर्‍याइ पाउन निवेदन दिने व्यवस्थाको अभ्यासमा अझै पनि समस्या देखिएको छ । यो विषयमा सघनरुपमा प्रशिक्षण सञ्चालन गरिए पनि कमजोरीहरु बारम्बार दोहोरिइरहेका छन् । आधार र कारण सहित टिकाउ हुने खालको अवस्थामा मात्र दो.पा. निवेदन तथा पुनरावेदन गर्नु पर्दछ । प्रत्यायोजित अधिकार बमोजिम सम्बन्धित सरकारी वकीलले आधार र औचित्य खुलाई निर्णय गर्न सक्ने भए पनि दो. पा. र पुनरावेदन गर्नै नपर्ने अवस्थाका मुद्दामा समेत मस्यौदा तयार गरी महान्यायाधिबक्ताको कार्यालयमा पठाउने गरेको पाइएको छ । यसरी आफूलाई प्राप्त अख्तियारीको इमान्दारितापूर्बक प्रयोग नगरी जिम्मेवारी र उत्तरदायित्व पन्छाउने ध्येयले माथिल्लो निकायमा मिसिल पठाउने कार्यले सम्बन्धित सरकारी वकीलको क्षमता र दक्षता कमजोर रहेको प्रतित हुन्छ । यो विषयमा उच्च सरकारी वकील कार्यालयका प्रमुखले विशेष सजगता अवलम्बन गर्नै पर्ने देखिएको छ । टिक्नै नसक्ने अवस्थामा पनि पुनरावेदन तथा दो.पा. गर्ने प्रबृत्तिले सरकारी मुद्दाको असफलताको प्रतिशत बढाउने, सम्बन्धित पक्षलाई हैरानी हुने र अनावश्यक रुपमा कार्यबोझ समेत बढ्न जाने हुँदा सरकारी वकीलहरुले यो विषयलाई गम्भीरतापूर्वक र जिम्मेवाररुपमा आत्ममूल्यांकन गरी पुनरावलोकन गर्नु पर्ने देखिएको छ । यो विषयमा **उच्च सरकारी वकील कार्यालयका प्रमुखहरुसँग छलफल गर्न एक कार्यक्रमको आयोजना गरिनेछ** । त्यसको पूर्व तयारीको कार्य भैरहेको व्यहोरा पनि यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

९. सबै सरकारी वकील कार्यालयहरुले गत वर्षको कार्य सम्पादनको वार्षिक प्रतिवेदन साउन १५ गतेभित्र महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने गरी पठाउनु हुनेछ । यसका लागि महान्यायाधिवक्ताको कार्यालयबाट यस अघि नै सबै सरकारी वकील कार्यालयहरुलाई अनुरोध गरिसकिएको छ । वार्षिक प्रतिवेदन तयार गर्दा तथ्यांकको वस्तुगत प्रस्तुति गर्नु हुनेछ । यो प्रतिवेदनले हाम्रो कार्य सम्पादनको अवस्थाका साथसाथै सिंगो फौजदारी न्याय प्रशासनको प्रतिविम्ब देखाउने हुँदा वार्षिक प्रतिवेदन तयारीमा जिम्मेवार अधिकारीहरु विशेष गरी कार्यालय प्रमुख स्वयम् सक्रिय रहनु होला ।

१०. मिसिलको अभिलेख व्यवस्थापन सरकारी वकील कार्यालयले प्राथमिकतापूर्वक सुधार गर्नु पर्ने विषय हो । कतिपय सरकारी वकील कार्यालयबाट प्राप्त हुने मिसिलमा कागजात सिलसिलेबार रुपमा नराखिएको एवम् फैसला पछि बकपत्रको प्रतिलिपि राखिएको समेत देखिएको छ । कार्य क्षमतामा नै प्रश्न उठ्ने खालका यसप्रकारका कार्यहरु दोहोरिन नदिन विशेष सावधानी अपनाउनु हुनेछ । खासगरी कार्यबोझ बढी भएका सरकारी वकील कार्यालयहरुबाट समयमा मिसिल प्राप्त हुन नसक्दा बाध्यताबश पटक पटक पेशी स्थगन गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । यस्ता कार्यले न्याय सम्पादन प्रक्रिया ढिलो हुन जान्छ भने हाम्रो कार्य सम्पादनको अवस्थाप्रति पनि नकारात्मक सन्देश प्रवाह हुन जान्छ । यसलाई सँधै समस्याको विषयको रुपमा मात्र कायम राखीराख्नु हुँदैन । आफ्नो कार्यालयको अभिलेख व्यवस्थापन अद्यावधिक रुपमा राख्ने एवम् कार्य सम्पन्न भइसकेका मिसिलहरुको समुचित व्यवस्थापन गर्ने, निर्णय कितावहरुलाई सुरक्षित गर्ने जस्ता विषयमा यहाँहरुले आवश्यक सुधार गर्नु हुनेछ ।

११. सरकारी वकील कार्यालयबाट पेशी स्थगन गर्ने कार्यलाई अपवादको रुपमा मात्र अभ्यास गर्नु पर्दछ । पेशी स्थगन गर्ने कार्यले कुनै सकारात्मक सन्देश दिंदैन । पेशी हटाएको विवरणलाई अभिलेखबद्ध गर्नु हुनेछ । **पेशी हटाउने सरकारी**

**वकीलको नाम, पेशी हटाएको संख्या र पेशी हटाउनु पर्ने कारण खुलाई मासिक प्रतिवेदनका साथमा पठाउनु हुनेछ ।** जिल्ला तहमा पेशी स्थगनको विषयलाई उच्च सरकारी वकील कार्यालयबाट अनुगमन गर्नु हुनेछ ।

१२. सरकारी वकील कार्यालयहरु सीमित स्रोतबाट सञ्चालन गर्नु पर्ने बाध्यात्मक अवस्था रहेकोले उपलब्ध स्रोत, साधनको उच्चतम प्रयोग गरी कार्य सम्पादन गर्न सकिने सीप विकास गर्नु पर्ने आवश्यकता छ । सरकारी वकील कार्यालयका लागि विनियोजित वार्षिक बजेटबाट वर्षभरी कार्यालय सञ्चालन गर्नु पर्ने तर्फ यहाँहरु परिचित नै हुनुहुन्छ । आर्थिक अनुशासनसँग निष्ठाको सम्बन्ध पनि गाँसिएको हुन्छ । कार्यालयमा उपलब्ध स्रोतको समुचित प्रयोग गर्दै व्यवस्थापकीय कुशलता प्रदर्शन गर्नु हुनेछ । सानातिना विषयमा अनुशासनमा बस्न नसक्नेलाई विशेष जिम्मेवारी दिन पनि सकिँदैन । नेतृत्वको यो विवशता यहाँहरुले राम्ररी बुझिदिनु हुनेछ ।

१३. कार्यालयको सवारी साधनको प्रयोगका लागि महान्यायाधिवक्ताको कार्यालयबाट पटक पटक परिपत्र गरिएको छ । यद्यपि यो विषय स्वयम् आफ्नै अग्रसरतामा परिपालना हुनु पर्ने हो । माथिल्लो कार्यालयको अनुमति विना सवारी साधन लिई कार्यक्षेत्र छोड्ने कार्यलाई कुनै पनि अवस्थामा असल अभ्यासको रुपमा मान्न सकिँदैन । सरकारी सवारी साधनको प्रयोग र परिचालनमा सुनिने अनावश्यक गुनासा र टिप्पणीहरु सहज र स्वाभाविक हुँदैनन् । धेरै मेहनतपूर्वक सरकारी वकील कार्यालयहरुमा सवारी साधनको व्यवस्था गरिएको व्यहोरा यहाँहरुलाई अवगत नै छ । कतिपय सरकारी वकीलहरुले सवारी साधनको प्रयोग र व्यवस्थापनमा यथेष्ठ ध्यान नदिएको भन्ने सूचनाहरु प्राप्त भएका छन् । केही कार्यालयका सवारी साधनको आवरणबाटै त्यसको उचित जतन नभएको भन्ने चित्रित हुन्छ । यस्तो अवस्थालाई सदासयतापूर्वक व्यवहार गर्न कठिन हुन जान्छ । धेरैजसो सरकारी वकील कार्यालयका सवारी साधनको नवीकरण गर्ने तथा वीमाको रकम बुझाउने विषयमा पनि कमजोरी देखिएको छ । यस्तो अवस्था सिर्जना नगरिदिनु हुन म सबैमा सादर अनुरोध गर्दछु । र, यस्ता कार्यबाट हुने सरकारी नोक्सानी सम्बन्धित पदाधिकारीले व्यहोर्नु पर्ने अवस्थाको सिर्जना हुने व्यहोरा यहाँहरुलाई स्मरण गराउन चाहन्छु ।

१४. सरकारी वकील र कर्मचारीहरुको हाजिरी व्यवस्थापनलाई औपचारिकताको रुपमा नलिई यसलाई अनिवार्य रुपमा पालना गर्नु पर्ने अनुशासनको रुपमा लिन समेत म आग्रह गर्दछु । उच्च सरकारी वकील कार्यालयले आफ्नो र मातहतको कार्यालयको प्रशासन तथा व्यवस्थापनको सुपरिवेक्षणमा थप सक्रियता देखाउनु होला । उच्च सरकारी वकील कार्यालयका प्रमुखले महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी विदा एवम् काजको व्यवस्थापन गर्नुहोला । यसरी समन्वय गर्दा सम्भव भएसम्म विद्युतीय माध्यमबाट सम्पर्क गर्नु होला ।

१५. महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको सरकारी वकील तथा कर्मचारीको आचार संहिताको पालनामा सबैले विशेष ध्यान दिनु आवश्यक छ । आचार संहिताको कार्यान्वयनको अवस्थाको बारेमा सबै सरकारी वकील कार्यालयले कर्मचारी बैठक बसी समीक्षा गर्ने र त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई गराउनु हुनेछ । उच्च सरकारी वकील कार्यालयले विशेषरुपमा यो विषयलाई अनुगमन गर्नु हुनेछ । सरकारी वकील र यहाँ कार्यरत कर्मचारीको सामाजिक र निजी व्यवहारले पनि संस्थागत आचरण झल्काउने हुँदा सबैबाट पद सुहाँउदो आचरण हुने नै छ ।

१६. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको चौथो वर्ष पूरा भएको छ । योजनाले प्रक्षेपण गरेका धेरै कार्यक्रमहरु सम्पन्न भएका छन् । योजना कार्यान्वयनको मध्यावधि मूल्यांकनबाट पनि सकारात्मक संकेत देखिएको छ । यो चार वर्षको अवधिमा भौतिक पूर्वाधार निर्माण, जनशक्तिको क्षमता विकास, सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य तथा अध्ययन अवलोकन भ्रमणको दृष्टिले विगतको तुलनामा प्रशस्त काम भएका छन् । तुलनात्मक तथ्यांकबाट पनि यो देखिएको छ । योजना कार्यान्वयनमा यहाँहरुले देखाउनु भएको अग्रसरताका लागि म यहाँहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको विशेष अग्रसरतामा धेरै उपलब्धिहरु हासिल भएका छन् । वहाँको मार्गदर्शनका लागि म माननीय महान्यायाधिवक्ताज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । हाम्रा यी प्रयास र हामीले प्राप्त गरेका अवसरको सार्थकता हाम्रा काम कारवाहीमा हुने सुधारबाट मात्र स्थापित हुन्छन् । त्यसैले कार्य सम्पादनमा सुधार गरी नतिजाबाट सकारात्मक सन्देश दिन यहाँहरु क्रियाशील हुनु हुनेछ ।

१७. योजनाबद्ध रुपमा सुधारका कार्यहरु सम्पन्न गर्नका लागि वार्षिक कार्यान्वयन योजना तयार गर्नु पर्ने हुन्छ । यहाँहरु सबैले यस्तो योजना तयार गरी पठाउनु भएकै छ । तर सो कार्यान्वयन योजनाको कार्यान्वयनका लागि हामी सबैले थप मेहनत गर्नु पर्ने आवश्यकता रहेको छ । सीमित स्रोतबाट पनि प्रसस्त सुधारका कार्यहरु गर्न सकिन्छ । कतिपय सुधारका कार्य सम्पन्न गर्नका लागि स्रोतभन्दा पनि इच्छाशक्तिको आवश्यकता पर्दछ । त्यसैले जिम्मेवारी ग्रहण गरी वार्षिक कार्यान्वयन

योजनालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न यहाँहरु क्रियाशील हुनु हुनेछ । यो विषयलाई यहाँहरुको बैयक्तिक मूल्यांकनमा समेत आबद्ध गरिने छ । **प्रत्येक सरकारी वकील कार्यालयले र प्रत्येक सरकारी वकील तथा कर्मचारीले सकारात्मक र भन्नलायक कम्तिमा एउटा नयाँ र सुधारको काम गर्न यहाँहरुसँग आग्रह गर्दछु ।** यहाँहरुले गर्नु भएका यस्ता सुधारका प्रयत्नहरुका आधारमा जिम्मेवारी दिँदा समेत विचार गरिने छ ।

१८. महान्यायाधिवक्ताको कार्यालय सरकारी वकीलहरुको क्षमता विकासका लागि निरन्तर सक्रिय रहेको छ । व्यावसायिकता विकासका लागि ज्ञान, सीप र दक्षताको विकासका साथै सकारात्मक दृष्टिकोण समेत आवश्यक पर्दछ । जटिल परिवेशमा अनेकन असहज परिस्थितिका बावजुद पनि हरसम्भव प्रयत्न गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भैरहेका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट भएको यो प्रयासले केवल सहजीकरणसम्म गर्ने हो । यहाँहरुको रुचि, चाहना, अग्रसरता, थप अध्ययन र खोजमूलक कार्यबाट नै व्यावसायिकता विकास हुन सक्दछ । व्यावसायिक क्षमता एकातर्फ संस्थागत सम्पत्ति हो भने अर्को तर्फ यहाँहरुको निजी सम्पत्ति पनि हो । तसर्थ एउटा बलियो सरकारी वकीलको रुपमा प्रस्तुत हुनका लागि स्वप्नदर्शी रहरसँगै क्षमता विकासका लागि अध्ययनशीलताको आवश्यकता पर्दछ । विभिन्न कार्यक्रमहरुमा यहाँहरुले देखाउनु भएको सहभागिताका लागि धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष पनि अझ बढी उत्साहका साथ सहभागी हुनु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

१९. महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकील कार्यालयका काम कारवाहीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्नका लागि इ–एटर्नी कार्यक्रम अन्तर्गत सुधारका विभिन्न उपायहरु अवलम्बन गरेको छ । यद्यपि कार्य सम्पादनमा नतिजा देखाउनका लागि कुनै एक कार्यालय वा एक्लो व्यक्तिको प्रयासले मात्र संभव हुँदैन । संस्थागत उपलब्धिका लागि सामूहिक प्रयास र सक्रिय सहभागिताको आवश्यकता पर्दछ । निर्माण गरिएका सफ्टवेयरमा आशातित विवरण ईन्ट्री गर्ने कार्यमा देखिएको उदासिनताले लक्षित उपलब्धि हासिल हुन सकेको छैन । कार्य सम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाउन अब विद्युतीय प्रणालीमा आबद्ध हुनुको अर्को विकल्प छैन । कार्यबोझ कम भएका सरकारी वकील कार्यालयहरुले पनि आफ्नो कार्यालयको मुद्दाको सी. एम. एस. इन्ट्री गर्ने गराउने कार्यमा देखाएको न्यून सहभागिताले केही प्रश्न उठाएको छ । प्रश्न या त क्षमतामा या त अग्रसरतामा नै उठ्ने हो । कार्यबोझ बढी भएका कार्यालयहरुमा पनि विगतको तुलनामा जनशक्ति थप भएको छ तर सो अनुरुप कार्य सम्पादनमा परिवर्तन देखाउन थप अग्रसरता आवश्यक छ । खासगरी नेतृत्वमा रहनु भएका सरकारी वकीलहरुलाई म यो परिदृश्यको संकेत गरिरहेको छु । आफ्नो जिम्मेवारीको कार्य सम्पन्न गर्ने विषयमा कुनै पनि बाहनाबाजी नगरी सफल अभ्यासका लागि सकारात्मक प्रतिस्पर्धा गर्न यहाँहरु क्रियाशील हुनु हुनेछ भन्ने आशा गरिएको छ । सकारात्मक काम गर्नेको सकारात्मक मूल्यांकन हुने विश्वास यहाँहरु सबैमा दिलाउन चाहन्छु ।

२०. सरकारी वकील कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकतापूर्वक अगाडि बढाइएको छ । नयाँ निर्माण भएका भवनको स्याहार सम्हार र व्यवस्थापनमा यहाँहरुले प्रतिस्पर्धा गरिदिनु होला । अरुको कारणले समस्या परेको भनी दोष पन्छाएर आफू ओभानो हुने परम्परागत अभ्यास अब पुरानो भैसकेको छ । भवन निर्माणका लागि प्राप्त भएको स्रोतको उच्चतम परिचालन गरी उपलब्धि हासिल गर्नु पर्नेछ र सो कार्यमा आर्थिक अनुशासनको कठोरतापूर्वक पालना गरिनु पर्दछ । प्राप्त स्रोतको उपयोग समयमा नै गर्ने, सम्भव भएसम्मको मितव्ययिता अवलम्बन गर्ने, कन्टेन्जेन्सीको रकम औचित्यपूर्ण कार्यमा खर्च गर्ने, खर्च नहुने बजेट समयमा नै फिर्ता गर्ने जस्ता कार्यमा यहाँहरुको सकारात्मक भूमिका रहेको छ । तर केही कार्यालयहरुले अन्तिम समयसम्म रकम खर्च नगरी अन्यत्र सार्न नसकिने समयमा खर्च गर्न नसक्ने जानकारी दिने अभ्यास यसपटक पनि दोहोरिएको छ । यो अवस्था आउन नदिनका लागि वार्षिक कार्यतालिका तयार गरी निर्धारित समयभित्रै कार्य सम्पादन गर्न सक्ने गरी रणनीतिक रुपमा क्रियाशील हुनका लागि अनुरोध गर्दछु । भवन निर्माणको क्रममा खर्च गर्न सकिने कन्टेन्जेन्सी रकमको सही सदुपयोग गर्न, निर्माण प्रक्रियाको प्रगतिको समानुपातिकतामा सो रकम खर्च गर्न र खर्चको विवरण स्पष्ट देखिने गरी राख्नका लागि समेत म भवन निर्माण भैरहेका कार्यालयका प्रमुखहरुलाई अनुरोध गर्दछु ।

२१. सरकारी सम्पत्तिको संरक्षण र सदुपयोगमा यहाँहरुको थप अग्रसरता आवश्यक देखिएको छ । सरकारी सम्पत्तिलाई आफ्नै सम्पत्ति सरह हिफाजत र संरक्षण गर्ने संस्कारको थालनीका लागि म विनम्रतापूर्बक अनुरोध गर्दछु । धेरै सरकारी वकील कार्यालयहरुको जिन्सी व्यवस्थापनको पक्ष कमजोर देखिएको छ । वार्षिक रुपमा जिन्सी निरीक्षण गरी लिलाम गर्नु पर्ने सामग्रीहरु वर्षेनी लिलामको प्रक्रियामा लगी कार्यालयको जिन्सी अभिलेख अध्यावधिक गर्नु हुनेछ । चालु हालतमा नभएका सवारी साधनलाई पनि सोही अनुसार प्राथमिकतापूर्वक व्यवस्थापन गर्ने, सरुवा भएका कर्मचारीबाट बरबुझारथ गराउने

विषयलाई पनि प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने, पुस्तकालयको अभिलेख व्यवस्थापन गरी अध्यावधिक गर्ने दिशामा यहाँहरुको यथेष्ठ ध्यान पुग्नु आवश्यक छ ।

२२. कार्य सम्पादनको क्रममा आउने समस्याको निकाशाका लागि जिल्ला सरकारी वकील कार्यालयले सम्बन्धित उच्च सरकारी वकील कार्यालयका प्रमुखसँग समन्वय गर्नु हुनेछ । जिल्ला तहबाट सिधै महान्यायाधिवक्ताको कार्यालयमा निकाशा माग गर्ने अभ्यासमा सुधार ल्याउनु पर्ने देखिएको छ । उच्च सरकारी वकील कार्यालयका प्रमुखले पनि आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रका सरकारी वकील कार्यालयको समस्याको सम्बोधन गर्न र कार्य सम्पादनको निरन्तर सुपरिवेक्षण गर्ने अभ्यासलाई अझ सशक्तरुपले विकास गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

२३. **सरकारी वकील तथा कर्मचारीहरुको सरुवालाई एउटा प्रणालीमा राखेर कार्यान्वयनमा ल्याइने छ** । सरुवा जस्ता बिषयमा कुनै पनि प्रभावको प्रयोगलाई स्वाभाविक मान्न सकिँदैन । यहाँहरुको कार्य सम्पादनको स्तर र संस्थागत आवश्यकताका आधारमा जिम्मेवारी पुनरावलोकन हुने हुँदा यहाँहरुले निर्धक्क भएर कार्य सम्पादन गर्नु हुनेछ । राम्रो काम गर्नेको मूल्यांकन गर्ने धेरै आधारहरु छन् । सबैको मूल्याङ्कन बस्तुगत आधारमा हुनेर सोही बमोजिम उपयुक्त जिम्मेवारी प्रदान गरिने कुरामा म यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु ।

२४. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुलाई बेरुजु मुक्त कार्यालयको रुपमा विकास गर्ने अभियानका साथ काम गर्न म सबैलाई आग्रह गर्दछु । विगतका बेरुजु फछ्र्यौटलाई कार्यालय प्रमुख आफैले अग्रसरता लिनु होला । बेरुजु तिर्नु पर्ने देखिएमा यथाशक्य छिटो सो कार्य सम्पन्न गर्नु होला । बेरुजु बाँकी देखिएका सरकारी वकील तथा कर्मचारीहरुलाई पुरस्कार समेतका प्रोत्साहनका अवसरहरु प्रदान गर्न र विशेष जिम्मेवारी दिन सकिदैन भन्ने विषयमा यहाँहरु परिचित नै हुनुहुन्छ ।

२५. समूहगत रुपमा छलफल गरी कार्य सम्पादनमा सहभागितामूलक व्यवस्थापनको मान्यतालाई कार्यान्वयनमा ल्याउने, आफूले गरेको कामको उत्तरदायित्व बहन गर्न प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने, कार्यालयको सरसफाइ तथा परिसरको व्यवस्थापन लगायतका बिषयहरुमा समेत यहाँहरुको यथेष्ठ ध्यान पुग्ने छ भन्ने अपेक्षा गरिएको छ ।

२६. अन्त्यमा, हामी सबै कानून र व्यवस्था कायम गरी शान्तिपूर्ण समाजको निर्माण गर्ने राज्यको उद्देश्य पूरा गर्न स्थापना गरिएको निकायमा क्रियाशील रहेका छौं । आफू कार्यरत रहेको संस्थाको उद्देश्य हासिल गर्नु नै हाम्रो साझा लक्ष्य हो । निरासा, कुण्ठा र गुनासो मात्र होइन, आशा, आत्मविश्वास, इमान्दारिता र कठोर मेहनत नै संस्थागत र व्यक्तिगत प्रगतिका आधारस्तम्भ हुन् । आफूलाई मात्र अवसर प्राप्त होस्, न्याय प्राप्त होस्, सुविधा प्राप्त होस्, अधिकार प्राप्त होस् भन्ने तृष्णा र आफ्नो मात्र सजिलो र सुविस्ता खोज्ने प्रबृत्तिले अरुलाई अन्याय परिरहेको हुन्छ भन्ने कुरामा यहाँहरुको ध्यान जाने नै छ । आफू रचनात्मक कार्यमा क्रियाशील रहन र संस्थाले गरेका सिर्जनशील काममा सहभागी हुन म सबैमा आग्रह गर्दछु । आफ्नो स्वार्थलाई पन्छाएर संस्थागत स्वार्थमा सबैको सक्रिय योगदान रहे मात्र संस्थाले अपेक्षित लक्ष्य हासिल गर्न सक्दछ, जसको फल सबैलाई प्राप्त हुन जान्छ । जानीजानी वा बद्नियतपूर्वक गरिएका कार्यहरु कुनै पनि अवस्थामा क्षम्य हुँदैनन् तर इमान्दारितापूर्वक गरिएका कामको संरक्षण स्वयं कानूनबाट नै गरिएकोले निर्धक्क भई कार्यसम्पादनमा अग्रसर हुनु म अनुरोध गर्दछु । संस्थागत उद्देश्य प्राप्तिका लागि सहभागितामूलक रुपमा कार्यसम्पादन गर्नु पर्दछ भन्ने मेरो अटल बिश्वास रहेको छ । यसका लागि सबैको रचनात्मक सल्लाह, सुझाव र क्रियाशिलताको अपेक्षा गर्दै सधै यहाँहरुको साथ र सहयोग रहने छ भन्ने विश्वास प्रकट गर्दछु । धन्यवाद ।

@= k'g/fjnf]sgsf] lgj]bg / lg:;f

**१. पुनरावलोकनको निवेदन**

श्री सर्वोच्च अदालतमा प्रस्तुत

<u>पुनरावलोकनको निवेदनपत्र</u>

**विषयः सर्वोच्च अदालतबाट स्थापित नजिर एवं कानुनी सिद्धान्तको प्रतिकूल फैसला भएकोले पुनरावलोकन गरीपाऊँ**

हरेराम ढकालको जाहेरीले नेपाल सरकार .......................................................................... <u>निवेदक</u>
वादी

विरूद्ध

काठमाडौं जिल्ला, साबिक इचंगुनारायण गा.वि.स., वडा नं. ६ (हाल नागार्जुन न.पा वडा नं. २) वतन भएका पूर्व सशस्त्र प्रहरी नायब महानिरीक्षक रन्जनप्रसाद कोइराला ........................................१
चितवन जिल्ला, साबिक भरतपुर न.पा., वडा नं. ४ (हाल भरतपुर म.न.पा. वडा नं. ३) घर भई हाल काठमाडौं जिल्ला, साबिक इचंगुनारायण गा.वि.स., वडा नं. ९ (हाल नागार्जुन न.पा. वडा नं. १) बस्ने तारा रेग्मी ........................................................................................... १

<u>विपक्षी</u>
प्रतिवादी

**मुद्दाः- कर्तव्य ज्यान**

फैसला गर्ने अदालतः–श्री सर्वोच्च अदालत, संयुक्त इजलास।

फैसला गर्ने न्यायाधीशः– सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्रशमशेर ज.ब.रा।

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.।

फैसला भएको मितिः– २०७७।०३।१५

सूचना प्राप्त मितिः– २०७७।०४।०६

उल्लिखित प्रतिवादीहरु भएको प्रस्तुत मुद्दा (०७२-CR-१९३७) मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।१५ मा भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) को अवस्था विद्यमान रहेको देखिएकोले सोही ऐनका म्यादभित्रै निम्न जिकिरसहित सम्मानित अदालत समक्ष प्रस्तुत पुनरावलोकनको निवेदन पत्र दायर गरिएको छः

१. मुद्दाको विस्तृत तथ्य मिसिल झिकाई हेरिंदाका बखत अवगत हुने नै हुँदा यहाँ सोको पुनरावृत्ति गरिएको छैन।

२. उपर्युक्त मुद्दामा प्रतिवादी रन्जनप्रसाद कोइरालाले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. को कसुर गरेकोले निजलाई सोही ऐन, महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अर्की प्रतिवादी तारा रेग्मीले ऐ. ऐन, महलको १६ नं. को कसुर गरेकोले निजलाई सोही ऐन, महलको १६ नं. बमोजिम सजाय गरिपाउन मागदावी लिई शुरु काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०७१/०१/०७ मा प्रतिवादी रन्जनप्रसाद कोइरालालाई वादी दावीबमोजिम नै सर्वस्वसहित जन्मकैदको सजाय हुने र अर्की प्रतिवादी तारा रेग्मीको हकमा

दावी घटाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम कैद वर्ष १ हुने ठहरी भएको फैसला उपर सफाई पाउने जिकिर लिई प्रतिवादी रन्जनप्रसाद कोइरालाको र प्रतिवादी तारा रेग्मीलाई कम सजाय भएतर्फ वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेकोमा साबिकको पुनरावेदन अदालत, पाटनबाट मिति २०७२/०८/२३ मा शुरु जिल्ला अदालतको फैसला सदर गरेको फैसला उपर प्रतिवादी रन्जनप्रसाद कोइरालाको तर्फबाट र प्रतिवादी तारा रेग्मीको हकमा वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेकोमा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट प्रतिवादी तारा रेग्मीको हकमा शुरु र साबिकको पुनरावेदन अदालत, पाटनको फैसला नै सदर हुने एवं अर्का प्रतिवादी रन्जनप्रसाद कोइरालाको हकमा शुरु र साबिकको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने भएता पनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम निजलाई जन्मकैदको मात्र सजाय हुने एवं सजाय निर्धारणका हकमा उपर्युक्त सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, अ.वं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन,२०७४ को दफा १७क. बमोजिम निजलाई ८ वर्ष ६ महिना कैद सजाय निर्धारण गर्ने ठहर गरी फैसला भएको अवस्था छ।

३. प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ वर्ष ६ महिनामात्र कैद सजाय गर्ने र प्रतिवादी तारा रेग्मीलाई उच्च अदालत, पाटनको फैसला सदर गरी १ वर्षमात्र कैद सजाय गर्ने गरी फैसला गर्दा सम्मानित अदालतबाट मूलतः निम्न आधारहरु ग्रहण गरेको देखिन्छः

(क) वारदात हुँदाको अवस्था र परिस्थितिलाई हेर्दा मृतककै कारण र जरियाबाट प्रतिवादी रन्जनप्रसाद कोइराला आवेशमा आई उठेको रिसबाट भएको भन्ने देखिएको।

(ख) मृतकको निधन पश्चात नाबालक छोराहरुको हेरचाह, संरक्षण एवं शिक्षादीक्षा लगायतका कार्यहरु अभिभावकविहीनताका कारण अनिश्चय र अन्यौलपूर्ण हुन जाने।

(ग) उल्लिखित कारणबाट साबिक मुलुकी ऐन, अ.वं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम निज प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ वर्ष ६ महिना कैद गर्दा पनि सजायको मकसद पूरा हुने।

(घ) अर्की प्रतिवादी तारा रेग्मीको हकमा निजको प्रतिवादी रन्जनप्रसाद कोइरालासँग घनिष्ट सम्बन्ध रहेको देखिएता पनि निज मिति २०६८/०९/२६ मा विदेश मलेसिया गई मिति २०६८/१०/०५ मा नेपाल फर्केको भन्ने देखिएको र वारदातमा मुख्य भई षड्यन्त्र गर्ने व्यक्ति हुन् भन्ने अभियोग शंकारहित तवरबाट पुष्टि हुने प्रमाण पेश हुन नसकेको।

४. उल्लिखित आधार लिई भएको उक्त फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) को अवस्था विद्यमान भई निम्न आधार, कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छः

(क) प्रतिवादीमध्येका रन्जनप्रसाद कोइरालाले आफ्नै श्रीमती मृतक गीता ढकाललाई कर्तव्य गरी मारेको कसुर कायम भई फैसला भएको, साथै सो कसूर गर्नमा प्रतिवादी तारा रेग्मीको सहयोगी भूमिका रहेको तथ्यलाई सम्मानित अदालतबाट फैसला हुँदा समेत स्वीकार गरिएको हुँदा मृतकको मृत्यु कर्तव्यबाट भएको र सो अपराध गर्नमा दुवैजना प्रतिवादीको संलग्नता रहेको कुरामा थप विवेचना गरिरहनु पर्ने देखिँदैन।

(ख) प्रतिवादीमध्येका रन्जनप्रसाद कोइराला वारदात गर्दाका बखत सशस्त्र प्रहरी बलका प्रहरी नायब महानिरीक्षक (वरिष्ठ प्रहरी अधिकृत) पदमा कार्यरत व्यक्ति भई कानून कार्यान्वयन गर्ने जिम्मेवार पदाधिकारी रहे, भएको अवस्थामा आफ्नै श्रीमतीलाई कर्तव्य गरी मार्ने आपराधिक कार्य निजबाट भएको छ। त्यस्तो सार्वजनिक पदधारण गरेको जिम्मेवार व्यक्तिबाट आफ्नै श्रीमतीलाई वारदातपूर्व देखि नै मानसिक तथा शारिरिक यातना दिई प्रताडित गराउँदै आएको भन्ने कुरा मिसिल संलग्न रहेका निज गीता ढकालले आफू जीवित छँदै दिएका निवेदनपत्रहरू, अंश चलनसम्बन्धी मुद्दा, प्रतिवादी मध्येकी तारा रेग्मीसंगको प्रेम सम्बन्ध समेतका कुराहरूबाट खुलिरहेको छ। मूलतः सोही कारणबाट आफ्नी प्रेमिका अर्थात् प्रतिवादी तारा रेग्मीसँगको सल्लाह र मिलेमतोमा मृतक गीता ढकाललाई आफ्नै घरमा कर्तव्य गरी मारी,

लाशलाई जलाई, भौतिक अस्तित्वसमेत निमिट्यान्न पार्ने योजनामुताबिक लाश दबाउन, छिपाउन एक पछि अर्का योजनाबद्ध आपराधिक कार्य (Criminal overact) गरेको देखिन्छ। मृतकलाई कर्तव्य गरिएको वारदातको प्रकृति र सो वारदात गर्नमा संलग्न प्रतिवादीहरु बीचका भूमिकाबाट मृतकलाई कर्तव्य गर्ने लक्षित उद्देश्य र ईच्छित मनसायसहित वारदातपूर्व नै दूषित नियत (Malice aforethought) राखी कर्तव्य गरेकोमा वारदातको शृंखलाको शुरुवातबाट नै प्रतिवादी रन्जनप्रसाद कोइराला र प्रतिवादी तारा रेग्मीको बीचमा मृतक गीता ढकाललाई मार्नेसमेतको कार्यमा सल्लाह, सहमति भई प्रतिवादी तारा रेग्मीसमेत ज्यान मार्ने षडयन्त्रमा पसेको स्पष्ट देखिएको अवस्था हुँदाहुँदै निज तारा रेग्मीलाई मतियारमात्रको कसुर ठहर गरी कम सजाय गर्ने र उक्त आपराधिक षडयन्त्रलाई कार्यन्वयन गर्न वारदातको शृंखलाको अन्तिमसम्म योजनाबद्ध रूपमा संलग्न रहेका प्रतिवादी रन्जनप्रसाद कोइरालाको हकमा प्रस्तुत वारदातमा आकर्षित नै हुन नसक्ने साबिक मुलुकी ऐन अ.वं. १८८ नं. को व्यवस्था प्रयोग गरी कम सजाय निर्धारण गर्ने राय लगाई कम सजाय गरेको प्रस्तुत फैसला प्रथम दृष्टि (Prima Facie) मा नै त्रुटीपूर्ण छ।

(ग) प्रस्तुत वारदात नियोजित रूपमा भएको भन्ने कुरा वारदात घटाउन अर्थात गीता ढकाललाई कर्तव्य गरी मारी, निजको शव जलाई भौतिक अस्तित्वसमेत छिपाउने योजना मुताबिक आफूले पदीय हैसियतले प्राप्त गरेको सरकारी मोटरमा पेट्रोलियम पदार्थको अभाव नरहेको समयमा पनि आफू कार्यरत संस्थाद्वारा संचालित पेट्रोल पम्पबाट अस्वाभाविक परिमाणको (१२३ लिटर) पेट्रोलियम पदार्थ संग्रह गरी, घरमा मृतक गीता ढकालबाहेक अरु कोही नहुने प्रबन्धसमेत गरी आफ्नै घरमा निजलाई कर्तव्य गरी मारी, मृत शरीरलाई मकवानपुर जिल्लाको मेत्राङ भन्ने स्थानमा पुर्‍याई उक्त पेट्रोलियम पदार्थसमेत प्रयोग गरी जलाईएको तथ्य समेतबाट निज प्रतिवादीले मनसायपूर्वक मृतकलाई कर्तव्य गरी मारेको स्पष्ट देखिई रहेकोमा सम्मानित अदालतबाट समेत त्यस्तो संगीन प्रकृतिको अपराधमा कसुर कायम गरिसकेपछि प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ वर्ष ६ महिनामात्र कैद सजाय निर्धारण गरिएको प्रस्तुत फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त तथा प्रचलित कानूनी व्यवस्था प्रतिकूल रहेको छ।

(घ) सम्मानित अदालतबाट फैसला हुँदा साबिक मुलुकी ऐन, अ.वं. १८८ नं. को व्यवस्थासमेत प्रयोग गरी प्रतिवादीमध्येका रन्जनप्रसाद कोइरालालाई घटी सजाय गरिएको छ। साबिक अ.वं. १८८ नं. को व्यवस्था हाल खारेज भएको र सो खारेज भएको कार्यविधिगत व्यवस्था निज प्रतिवादीका हकमा सारभूत रुपमा प्रयोग हुन नसक्ने अवस्था छ। मूलतः अ.वं. १८८ नं. को व्यवस्थाअनुसार पनि वारदात भवितव्य होकि भन्न हुने सम्मका अवस्थामा उक्त दफा प्रयोग हुने हो । प्रस्तुत मुद्दाको तथ्य र प्रकृतिबाट सो अवस्था कहीँकतै देखिँदैन। वारदातका एक पछि अर्को शृंखलाबद्ध रुपमा रहेका तथ्यबाट वारदातपूर्व नै प्रतिवादीको मृतकलाई कर्तव्य गर्ने मनसाय रहेको, सो अनुसारको तयारी गरी मनसाय अनुरूपको आपराधिक कार्यलाई कार्यान्वयन गरी कर्तव्य ज्यानको पूर्ण अपराधको परिणामसम्म पुगी तत्पश्चात पनि लाश दबाउन नियोजित कार्य गरेको तथ्य स्थापित भईरहेको छ। वस्तुतः उल्लिखित मुलुकी ऐनको साबिकको उक्त व्यवस्था यी प्रतिवादीका हकमा कसरी प्रयोग भएको हो, फैसलामा स्पष्ट रूपमा विवेचना भएको देखिंदैन। त्यसैगरी, फैसलामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. को व्यवस्थाका आधारमा निज प्रतिवादी रन्जनप्रसाद कोइरालालाई दावीको कसूर ठहर गरी राय लगाई कम सजाय निर्धारण गरिएको छ। जन्मकैदको सजाय गर्नुपर्ने मुद्दाको अभियुक्तलाई जन्मकैदको सजाय गर्न न्यायको रोहमा बढी पर्ने भई सजाय घटाउनुपर्ने देखिएमा ऐ. ऐनको को दफा १७क. बमोजिम घटी सजाय गर्ने रायसहितको फैसला हुनसक्ने व्यवस्था भए पनि सो व्यवस्था बमोजिम प्रतिवादी अदालतमा साबित भई सो साबिती अन्य प्रमाणबाट साँचो देखिएमा वारदातको परिस्थितिलाई विचार गर्दा घटी सजाय हुनसक्ने सम्म हो। प्रस्तुत मुद्दामा यी प्रतिवादी रन्जनप्रसाद कोइरालाका हकमा सो कानूनी व्यवस्था प्रयुक्त हुने कहींकतैबाट देखिँदैन। निज अदालतमा कसुरमा इन्कार रहेका हुँदा निजका हकमा राय प्रयोग गरी सजाय घटाउन मिल्ने अवस्था होइन।

(ङ) प्रतिवादी रन्जनप्रसाद कोइराला मौकामा साबित रही अदालतमा आरोपित कसुरमा इन्कार रहेका छन्। निज इन्कारी रहे पनि समग्र प्रमाणहरूबाट निजले नै कर्तव्य गरी गीता ढकाललाई मारी, मृत शरिरलाई दबाउने, भौतिक अस्तित्व

निमिटयान्न पार्ने सम्मका कार्यहरू भएको हुँदा ऐ. ऐनको दफा १७क. को कानूनी व्यवस्थाको सहुलियत प्रतिवादीले नपाउने अवस्था विद्यमान छ। वारदातको प्रकृति हेर्दासमेत मृतकलाई जघन्य तवरले हत्या गरी शवलाई अन्यत्र लगी, जलाई, सबुद प्रमाण नष्ट गर्नेसम्मका कार्य प्रतिवादी रन्जनप्रसाद कोइरालाबाट भएको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा वर्णित कसुरको गम्भीरता बढाउने तत्वहरु (Aggravating Factors) प्रस्तुत वारदातमा समेत विद्यमान देखिन्छ।

(च) मूलतः यी प्रतिवादी रन्जनप्रसाद कोइरालाका हकमा अ.वं. १८८ नं. प्रयोग हुने अवस्था छैन। उक्त नं. प्रयोग हुनसक्ने अवस्थाको मुद्दामा पनि कसुरदारलाई कम सजाय गर्दा हदैसम्म सजाय नगरी किन कम सजाय गरिएको हो, सोलाई पुष्टि गर्ने आधार र कारण स्पष्ट रूपमा खुलाउनुपर्ने हुन्छ। प्रस्तुत फैसलामा त्यस्ता आधार, कारण खुलाइएको देखिंदैन। यसका अतिरिक्त, उपर्युक्त फैसला सम्मानित अदालतबाट सजाय निर्धारण एवं सो सम्बन्धमा तजबिजी अधिकारको प्रयोगका बारेमा प्रतिपादित विभिन्न नजिरहरु एवं कानुनी सिद्धान्तको समेत प्रतिकूल देखिन्छ। सम्मानित अदालतबाट शान्ति वि.क. वि. नेपाल सरकार रहेको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०६१, अंक ६, नि.नं. ७३९९) मा दण्डको निर्धारण गर्दा दण्डको प्रकृति र दण्डको हद दुवैको निर्धारण हुनुपर्ने हुन्छ। यसमा अपराधको गम्भीरता निर्धारण, सजायको मात्रा तथा मापदण्डले निश्चितता प्रदान गरेको हुनुपर्दछ भन्नेसमेत व्याख्या गरी उक्त नं. प्रयोग गर्दा अपनाउनुपर्ने विविध मापदण्डसमेत निर्धारण गरिएको छ। त्यसैगरी, नेपाल सरकार वि. जुगत सदासमेत रहेको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०६३, अंक ८, नि.नं. ७७५२) मा हदैसम्म सजाय गर्दा वा हदैसम्म सजाय नगरी आधा वा कम सजाय गर्दा किन हदैसम्म सजाय गरेको वा किन हदैसम्म सजाय नगरी आधा वा कम सजाय गरिएको हो, त्यसलाई पुष्टि गर्ने आधार र कारणले समर्थन गर्नु पर्ने । अ.वं. १८८ नं.ले सजाय घटाउने चाहिँ अपवाद र अ.वं. १८८ नं. प्रयोग नगर्ने चाहिँ Rule हुने ऐनको मनसाय स्पष्ट हुँदाहुँदै अ.वं. १८८ नं. प्रयोग गर्न अगाडि कमसेकम अ.वं. १८८ नं. मा के लेखिएको छ र कस्तो अवस्थामा मात्र अ.वं. १८८ नं. ले सजाय घटाउने राय लेख्ने अधिकार दिएको छ। अदालतले ऐन हेर्नैपर्छ र ऐनले दिएको भन्दा बढी अधिकार अदालतजस्तो निकायले प्रयोग गर्न नमिल्ने भन्ने नजिर सिद्धान्त प्रतिपादित भएकोमा सोको प्रतिकूल हुनेगरी प्रतिवादी मध्येका रन्जनप्रसाद कोइरालालाई कम सजाय निर्धारण गरिएको फैसला मिलेको छैन।

(छ) यसैगरी, सम्मानित अदालतबाट नेपाल सरकार वि. शेरबहादुर बस्नेतसमेत भएको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०७१, अंक ३, नि.नं. ९१३६) मा सजायको उद्देश्य कसूरदारलाई दण्डित गर्ने, त्यस्तो कसूर गर्नबाट अरूलाई निरूत्साहित गर्नु र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटोतर्फ लाग्न प्रेरित गर्नु हो। तजबिजी अधिकारको प्रयोग गर्दा दण्डसम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन नमिल्ने। तजबिजी अधिकारको प्रयोग गरी कसूरदारलाई विधायिकी मनसायविपरीत हुने गरी अति हलुको, निरर्थक र निष्प्रभावी प्रकृतिको सजाय तोक्ने हो भने सजायले आफ्नो उद्देश्य र तात्पर्य गुमाउँछ। नाममात्रको सजाय गर्ने हो भने सजाय सजाय नै हुँदैन। यसले न्यायलाई परास्त गर्छ। अपराधको न्यूनीकरण, अपराधीमा दण्डको अनुभूति तथा पीडितलाई राहत महशुस गराउने दायित्वसमेत सजाय निर्धारणसँग सन्निहित हुने भन्ने एवं केदार माझी वि. नेपाल सरकार रहेको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०७४, अंक ७, नि.नं. ९८३६) मा पूर्ण इजलासबाट अ.बं. १८८ मा उल्लिखित प्रावधान समेतका आधारमा कानून बमोजिम सजाय गर्दा चर्को पर्ने भई कम सजायको राय व्यक्त गर्दा सामान्यतः अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गर्दा सो रायको पनि मनासिब आधार हुनुपर्ने भई अभिव्यक्त रायको पुष्टयाईं (Justification) गर्नुपर्ने भन्ने सिद्धान्त

प्रतिपादन भएको देखिन्छ। प्रस्तुत फैसलामा उल्लिखित प्रतिपादित कानुनी सिद्धान्तविपरीत प्रतिवादीमध्येका रन्जनप्रसाद कोइरालालाई घटी सजाय निर्धारण गरिएको देखिएकोले उक्त फैसला सम्मानित अदालतबाट स्थापित नजिर र कानुनी सिद्धान्तको मर्मको प्रतिकूलसमेत भएकोले बदरभागी छ।

(ज) साथै, प्रतिवादी तारा रेग्मीले मृतकलाई कर्तव्य गर्नमा मतियारको भूमिका निर्वाह गरेको तथ्यलाई प्रस्तुत फैसलामा स्वीकार गरिएको पाइन्छ। प्रतिवादी रन्जनप्रसाद कोइरालासग निजको घनिष्ट सम्बन्धका कारणबाट मृतकलाई कर्तव्य गर्ने कार्यमा दुवै प्रतिवादीहरुको सहमति (Meeting of Mind) भएको तथ्यबाट स्थापित छ। मूलतः मृतकलाई कर्तव्य गर्नुको कारण र जरिया भनेको यी प्रतिवादी तारा रेग्मीको अर्का प्रतिवादी रन्जनप्रसाद कोइरालासँग रहेको प्रेम सम्बन्ध नै देखिन्छ। प्रस्तुत फैसलामा समेत प्रकरण ८१ मा वारदातको दिन घटना अघि र पछि प्रतिवादी तारा रेग्मीको अर्का प्रतिवादी रन्जनप्रसाद कोइरालासँग टेलिफोनमा कुरा भएको तथ्यलाई स्वीकार गरिएबाट घटनामा निजको संलग्नता सम्बन्धमा अकाट्य परिस्थितिजन्य प्रमाणसमेत सिर्जना भइरहेको छ। आफूहरु दुवैबीचको प्रेम सम्बन्धलाई साकार पार्ने उद्देश्यमा बाधकको रुपमा रहेकी मृतकलाई पन्छाउनका लागि यी प्रतिवादी तारा रेग्मीले समेत आपराधिक षडयन्त्र गरी दुवैको मिलेमतोमा मृतकलाई कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न सबुद, कागज एवं परिस्थितिजन्य प्रमाणबाट स्थापित भैरहेकोमा वारदातका षडयन्त्रकारको रूपमा रहेकी निज प्रतिवादीका हकमा दावी घटाई घटी सजाय गरेको प्रस्तुत फैसला सो हदसम्म त्रुटिपूर्ण छ।

अतः माथिका आधार, कारणबाट उल्लिखित फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर एवं कानुनी सिद्धान्तको प्रतिकूल भएकोले उक्त फैसला त्रुटिपूर्ण देखिँदा सोउपर पुनरावलोकनको निस्सा प्रदान गरी, उक्त फैसला बदर गरी, शुरु अभियोग दावी बमोजिम नै निज प्रतिवादीहरुलाई हदैसम्म सजाय निर्धारण गरिपाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ।

५. न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम प्रस्तुत पुनरावलोकनको निवेदन पत्र सम्मानित अदालतको क्षेत्राधिकारभित्र पर्दछ।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९३ क.(२) बमोजिम निवेदक वादी नेपाल सरकारलाई कुनै दस्तुर लाग्दैन।

**निवेदक**

वादी नेपाल सरकारको तर्फबाट

डा. टेकबहादुर घिमिरे

-नायब महान्यायाधिवक्ता)

महान्यायाधिवक्ताको कार्यालय

इति सम्वत् २०७७ साल साउन ०८ गते रोज ०५ शुभम् ..........................................................................।

**२. पुनरावलोकनको अनुमतिको आदेश**

**श्री सर्वोच्च अदालत, पूर्ण इजालास**
**माननीय न्यायाधीश श्री बम कुमार श्रेष्ठ**
**माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना**
**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

आदेश

०७७ – RV –०००२

विषय : पुनरावलोकनको अनुमति पाऊँ ।

नेपाल सरकार ........................................................................................................ निवेदक÷वादी

विरुद्ध

रञ्जनप्रसाद कोइराला समेत ........................................................................................ विपक्षी÷प्रतिवादी

मुद्दा : कर्तव्य ज्यान ।

यसमा हरेराम ढकालको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी रञ्जन प्रसाद कोइराला समेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट मिति २०७७।०३।१५ मा भएको फैसला उपर चित्त नबुझाई महान्यायाधिवक्ताको कार्यालयबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ११(४) को म्यादभित्र उक्त फैसला पुनरावलोकन गरी पाउन दिएको निवेदन तथा संलग्न यस अदालतको फैसलासहितको मिसिल समेत अध्ययन गरियो ।

प्रस्तुत विवादमा प्रतिवादी रञ्जनप्रसाद कोइरालाले मौकामा साबित भई अदालतमा बयान गर्दा आरोपित कसूरलाई इन्कार गरी आफ्नो व्यहोरा लेखाएको पाइयो । प्रस्तुत वारदात हेर्दा प्रतिवादी रञ्जनप्रसाद कोइरालाले घटना घटाउँदा र घटना घटेपछि मृतकको लाश लुकाउन गरेको क्रियाकलापबाट घटित वारदातलाई सामान्य अवस्थाको वारदात भन्न मिल्ने वा भवितव्य हो कि भनी मान्न मिल्ने अवस्था समेत देखिदैन । निज प्रतिवादी उपर आरोपित कसूर कायम भई सजाय समेत ठहर भएकोमा विवाद देखिएन । निजलाई भएको सजाय चर्को पर्न गई सजाय घटी हुने गरी साविक मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम लगाएको राय सम्बन्धमा यस अघि यस अदालतबाट शान्ति वि.क. विरुद्ध नेपाल सरकार (नेकाप २०६१ अंक ६ निर्णय नं. ७३९९), नेपाल सरकार विरुद्ध जुगत सदासमेत (नेकाप २०६३ अंक ८ निर्णय नं. ७७५२), नेपाल सरकार विरुद्ध शेरबहादुर बस्नेतसमेत (नेकाप २०७१ अंक ३ निर्णय नं. ९१३६), र केदार माझी विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दा (नेकाप २०७४ अंक ७ निर्णय नं. ९८३६) मा प्रतिपादित सिद्धान्त प्रतिकूल पाइदा ती सिद्धान्त एवम् साविक मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ क. बमोजिमको व्यवस्थासमेतलाई मध्यनजर गर्दै न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम यस अदालतको मिति २०७७।०३।१५ को फैसला पुनरावलोकन गरी हेर्न अनुमति प्रदान गरिदिएको छ । नियमानुसार गर्नु ।

न्यायाधीश                                                                                                    न्यायाधीश

न्यायाधीश

इति सम्बत् २०७७ साल साउन ११ गते रोज १ ........................................................................ शुभम् ।

# #= lg0f{ox?

**१. समन्वय समितिका निर्णयहरु**

१. २०७७।०४।१८ गते बसेको समन्वय समितिको निर्णय

**प्रस्तावहरुः**

१. एसीड आक्रमण सम्बन्धी घटनाका सम्बन्धमा छलफल गर्ने,

२. विविध ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ मा उल्लिखित एसिड आक्रमण सम्बन्धी घटनाका विषयमा यस समितिमा छलफल गरियो।एसिड तथा यस्तै प्रकारका अन्य रासायनिक पदार्थको आयात, उत्पादन, बिक्री वितरण तथा ओसारपसार, निर्यात, संचय, नष्ट गर्ने तथा त्यसको अनुगमन तथा नियमनका विषयमा उपस्थित सदस्यहरु तथा आमन्त्रीत सदस्यहरुबाट आ आफ्ना निकायहरुको भूमिका तथा गरिएको कार्य सम्बन्धमा जानकारी प्रस्तुत गरियो ।उल्लिखित विषयहरुका सम्बन्धमा गर्नु पर्ने आवश्यक व्यवस्थापन तथा नियमनका पक्षहरुमा कार्यक्षेत्र तथा जिम्मेवारी नतोकिएको कारणले एसिड तथा यस्तै प्रकारका रासायनिक पदार्थहरुको प्रभावकारी नियमन हुन नसकेको महसुस भयो ।तत्सम्बन्धमा नियमन गर्न आवश्यक पर्ने कानूनी तथा संस्थागत संरचना निर्माणका बारेमा अध्ययन गरी १ (एक) महिना भित्र यस समिति समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्नेः

| | |
|---|---|
| श्री विश्वराज कोइराला, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -संयोजक |
| श्री थानेश्वर गौतम, सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| श्री हुमबहादुर के. सी., सहसचिव, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| श्री नेत्र प्रसाद सुवेदी, महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | -सदस्य |
| श्री ज्योति जोशी, सहसचिव, नेपाल गुणस्तर तथा नापतौल विभाग | -सदस्य |
| डा. श्री विकास देवकोटा, प्रमुख अस्पताल प्रशासक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | -सदस्य |
| श्री दीपक थापा, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी प्रधान कार्यालय | -सदस्य |
| श्री कृष्ण खरेल, उप सचिव, प्राविधिक अधिकृत, उद्योग विभाग | -सदस्य |
| श्री रोशनी कार्की, उपसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | -सदस्य |
| श्री ज्ञानप्रसाद भुसाल, उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -सदस्य-सचिव |

२. प्रस्ताव नं. २ अन्तर्गत देहायका विषयमा देहाय बमोजिम निर्णय गरियोः

क) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) ले सर्वसाधारणको ठगी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील

समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरेको छ ।सो व्यवस्था बमोजिम यस प्रकृतिका मुद्दाका प्रतिवादी र पीडित दुवै पक्षले मुद्दाको अनुसन्धानको क्रममा आँफुहरु मिलेको भनी मुद्दा मिलापत्रका लागि अनुसन्धान अधिकृत समक्ष वा सरकारी वकील समक्ष दरखास्त गरेमा सो दरखास्तको व्यहोरा यकीन गरी मजवुन सम्झाई व्यहोरा सनाखत समेत गरेको अवस्थामा त्यस प्रकृतिका मुद्दा चलाउन मुद्दाको कारवाही प्रकृया, स्रोत साधनको लगानी तथा औचित्यताका आधारमा उपयुक्त देखिदैन ।उल्लिखित अवस्था विद्यमान भएका मुद्दामा अनुसन्धान अधिकृतबाट मुद्दा चलाउने राय सहित सरकारी वकील समक्ष पेश गर्ने गरेको देखिँदा उल्लिखित कानूनी व्यवस्थाको प्रयोजन तथा औचित्यताका आधारमा सर्वसाधारणको ठगी सम्बन्धी मुद्दा नचलाउने गरी राय पेश गर्न उपयुक्त हुने हुँदा सो बमोजिम गर्न गराउन सबै सरकारी वकील कार्यालय तथा प्रहरी प्रधान कार्यालय मार्फत सबै प्रहरी कार्यालयलाई निर्देशन दिने ।

ख) प्र.ना.नि. इन्द्रदेव यादव समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी पुरुषोत्तम चौधरी समेत जना ३ भएको लागू औषध मुद्दामा जिल्ला प्रहरी कार्यालय उदयपुरमा मिति २०७६।०५।१८ गते प्रतिवेदन पेश हुँदा प्रतिवादी पुरुषोत्तम चौधरी, हरि अधिकारी र विवेक राईलाई गाडीबाट उतारी प्रतिवादी मध्ये पुरुषोत्तम चौधरीको शरीर खानतलासी गर्दा निजको साथबाट डाइजेलाव।फेनारगन।लुप्रिजेसिक क्रमशः३।३।३ एम्पुल बरामद भई तिनैजनालाई कावाहीका लागि प्रतिवेदन सहित पेश भएकोमा सो मुद्दामा अनुसन्धान भई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिमको कसूरमा सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुन मागदावी लिई अभियोग पत्र पेश भएको देखिन्छ। प्रतिवेदक मध्ये प्रहरी नायब निरीक्षक इन्द्रदेव यादवले बा. ३ ख. ८४६९ नं. को हायस गाडी चेक जाँच गर्ने क्रममा सहचालक पुरुषोत्तम चौधरीको साथबाट लुप्रिजेसिक।फेनारगन।लेबुलरेट क्रमशः ३।३।३ गरी जम्मा ९ नौ थान एम्पुल फेला पारी निजलाई नियन्त्रणमा लिई निज समेतलाई बाइकमा राखी मोतिगडामा रहेका सो लागू औषध खरिद गर्न रकम दिने अन्य प्रतिवादीहरु विवेक चाम्लिङ राई र हरिकुमार अधिकारी समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडी बढाएको भन्ने बकपत्रमा उल्लेख भएको देखिन्छ।सो आधारमा प्रतिवादी पुरुषोत्तम चौधरीलाई कसूर ठहर भई एक महिना कैद हुने र अन्य प्रतिवादीले सफाई पाउने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०७६।०९।२० गते फैसला भएको देखिन्छ।अनुसन्धानको समयमा संकलित हुन आएका प्रमाण कागजातको व्यहोरा अदालतमा बकपत्रद्वारा सनाखत नभएसम्म प्रमाणयोग्य हुदैन।अनुसन्धानमा संकलित कागज व्यहोराको प्रतिकूल हुने गरी वा फरक पारी बकपत्र गरेमा सो कागज व्यहोरा समेत

प्रमाणयोग्य मानिदैन। फैसला हुँदा वकपत्र व्यहोरालाई नै प्रमाणको रुपमा ग्रहण गरिने हुँदा वादी नेपाल सरकारको अनुसन्धान र अभियोजनमा समेत सफलता मिल्ने अवस्था न्यून हुन्छ ।तसर्थ प्रस्तुत मुद्दामा प्रतिवेदन व्यहोरा फरक पारी बकपत्र गर्ने सम्बन्धित प्रहरी कर्मचारीलाई ध्यानाकर्षण गराउने र अब उप्रान्त प्रहरी प्रतिवेदनबाट उठान भएका तथा प्रहरीको अनुसन्धान प्रतिवेदन समावेश भएका मुद्दाहरुमा अदालत तथा सम्बन्धित निकायमा बकपत्र गर्दा पूर्व प्रतिवेदनको व्यहोरासँग नवाझिने गरी बकपत्र गर्न गराउन सबै सरकारी वकील कार्यालय तथा प्रहरी प्रधान कार्यालय मार्फत सबै प्रहरी कार्यालयलाई निर्देशन दिने।

## @= Joj:yfkg ;ldltsf lg0f{ox?

रणनीतिक योजना तर्जुमा गर्न समिति गठन

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलको अध्यक्षतामा मिति २०७७ साल साउन ८ गते बसेको व्यवस्थापन समितिले महान्यायाधिवक्ताको महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मस्यौदा ६ महिनाभित्र  तयार गरी पेश गर्नका लागि देहाय बमोजिमका समितिहरु गठन गरेको छ ।

**निर्देशक समिति**

| | |
|---|---|
| माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल | अध्यक्ष |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय | सदस्य |
| नायब महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल | सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | सदस्य |
| नायब महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे | सदस्य |
| रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| प्रहरी अतिरिक्त महानिरीक्षक (अपराध अनुसन्धान विभाग) प्रहरी प्रधान कार्यालय | सदस्य |
| प्रतिनिधि (कम्तीमा राजपत्रांकित प्रथम श्रेणी), अर्थ मन्त्रालय | सदस्य |
| प्रतिनिधि (कम्तीमा राजपत्रांकित प्रथम श्रेणी), राष्ट्रिय योजना आयोग | सदस्य |
| सहन्यायाधिवक्ता, योजना, अनुसन्धान तथा अनुगमन महाशाखा | सदस्य |
| सहन्यायाधिवक्ता, माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय | सदस्य सचिव |

**योजना तर्जुमा समिति**

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय | संयोजक |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | सह संयोजक |
| सहन्यायाधिवक्ता, योजना, अनुसन्धान तथा अनुगमन महाशाखा | सदस्य |
| सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल | सदस्य |
| सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी | सदस्य |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सदस्य |
| सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | सदस्य |
| सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | सदस्य |
| सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान | सदस्य |

| | |
|---|---|
| उपन्यायाधिवक्ता, योजना, अनुसन्धान तथा अनुगमन शाखा | सदस्य सचिव |

**कार्य समूह**

| | |
|---|---|
| उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | संयोजक |
| उपन्यायाधिवक्ता श्री निर्मला योङ्या | सदस्य |
| उपन्यायाधिवक्ता श्री नवराज पराजुली | सदस्य |
| उपन्यायाधिवक्ता श्री राधिका सुवाल | सदस्य |
| शाखा अधिकृत श्री निराजन पाण्डेय | सदस्य |
| शाखा अधिकृत श्री श्यामप्रसाद दाहाल | सदस्य |
| शाखा अधिकृत श्री शिव वाग्ले | सदस्य |
| शाखा अधिकृत श्री संगिता थोकर | सदस्य |
| शाखा अधिकृत श्री आश्मा खड्का | सदस्य सचिव |

# ४. सरकारी वकील सम्बन्धी नियमावली, २०७७[१]

## भाग ३
## नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सरकारी वकील सम्बन्धी नियमावली, २०७७

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "सरकारी वकील सम्बन्धी नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "देवानी मुद्दा" भन्नाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची-२८ मा उल्लिखित मुद्दा सम्झनु पर्छ ।

(ख) "फौजदारी मुद्दा" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित मुद्दा सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले नियम ४ को उपनियम (३) बमोजिमको विभाग सम्झनु पर्छ।

(घ) "विभागीय प्रमुख" भन्नाले सम्बन्धित विभागको प्रमुखको रूपमा काम गर्न तोकिएको नायब महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(ङ) "सरकारी वकील कार्यालय" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको कार्यालय सम्झनु पर्छ ।

परिच्छेद–२

सामान्य व्यवस्था

३. सरकारी वकीलको श्रेणी र पदः (१) महान्यायाधिवक्ताको पद नेपालको संविधान बमोजिमको पद हुनेछ र सो बाहेक सबै सरकारी वकीलको श्रेणी र पद देहाय बमोजिम निजामती सेवाको पद हुनेछः-

| | श्रेणी | पद नाम |
|---|---|---|
| (क) | विशिष्ट श्रेणी | -नायब महान्यायाधिवक्ता |
| (ख) | राजपत्राङ्कित प्रथम श्रेणी | -सहन्यायाधिवक्ता |
| (ग) | राजपत्राङ्कित द्वितीय श्रेणी | -उपन्यायाधिवक्ता वा जिल्ला |

[१] २०७७ जेठ २६ गते नेपाल राजपत्रमा प्रकाशित ।

(घ) राजपत्राङ्कित तृतीय श्रेणी - न्यायाधिवक्ता
-सहायक न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता

(२) सरकारी वकील कार्यालयमा रहने अन्य श्रेणीका पदहरु नेपाल सरकारले तोके बमोजिम हुनेछन् ।

(३) सरकारी वकील, सरकारी वकील समूहका कर्मचारी तथा सरकारी वकील कार्यालयका अन्य कर्मचारीको दरबन्दी नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

४. <u>सरकारी वकील कार्यालय र प्रादेशिक अधिकार क्षेत्रः</u> (१) सरकारी वकील कार्यालयको रुपमा देहायका कार्यालय रहनेछन्ः-

(क) महान्यायाधिवक्ताको कार्यालय,
(ख) उच्च सरकारी वकील कार्यालय,
(ग) विशेष सरकारी वकील कार्यालय,
(घ) जिल्ला सरकारी वकील कार्यालय ।

(२) महान्यायाधिवक्ताको कार्यालय काठमाडौंमा रहनेछ।

(३) महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कामलाई व्यवस्थित रूपले सञ्चालन गर्न महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताले तोकेका विभाग रहने छन् ।

(४) प्रत्येक विभागमा महान्यायाधिवक्ताले तोकेको नायब महान्यायाधिवक्ता विभागीय प्रमुखको रुपमा रहनेछ।

(५) विभाग अन्तर्गत विभिन्न महाशाखा, शाखा र केन्द्र रहनेछन् ।

(६) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक विभागीय प्रमुखको कार्य विभाजन तथा उपनियम (५) बमोजिमका महाशाखा, शाखा र केन्द्रको कार्य विभाजन महान्यायाधिवक्ताले स्वीकृत गरेको कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(७) प्रत्येक उच्च अदालत र सोको इजलास रहेको स्थानमा एक उच्च सरकारी वकील कार्यालय रहनेछ ।

(८) विशेष अदालत रहेको स्थानमा विशेष सरकारी वकील कार्यालय रहनेछ।

(९) प्रत्येक जिल्लामा जिल्ला अदालतको मुकाम रहेको स्थानमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत रहने गरी एक जिल्ला सरकारी वकील कार्यालय रहनेछ ।

(१०) उपनियम (१) बमोजिमका सरकारी वकील कार्यालयमा कार्यबोझ र सम्पादन गर्ने कामको आधारमा आवश्यक सङ्ख्यामा सरकारी वकील र अन्य कर्मचारीहरू रहनेछन् ।

५. <u>अभियोजन प्रशिक्षण केन्द्रः</u> (१) सरकारी वकीलको क्षमता अभिवृद्धि गर्न महान्यायाधिवक्ताको कार्यालयमा एक अभियोजन प्रशिक्षण केन्द्र रहनेछ ।

(२) उपनियम (१) बमोजिमको अभियोजन प्रशिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार नियम ४ को उपनियम (६) बमोजिमको कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ ।

६. <u>अपराधशास्त्रीय अनुसन्धान केन्द्रः</u> (१) अपराधको प्रवृत्ति सम्बन्धी अध्ययन विश्लेषण गर्न महान्यायाधिवक्ताको कार्यालयमा एक अपराधशास्त्रीय अनुसन्धान केन्द्र रहनेछ ।

(२) उपनियम (१) बमोजिमको अपराधशास्त्रीय अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार नियम ४ को उपनियम (६) बमोजिमको कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ ।

७. कायम मुकायम मुकरर गर्ने तथा काज खटाउनेः (१) विभागीय प्रमुखको पदमा महान्यायाधिवक्ताले र अन्य सरकारी वकील कार्यालयको प्रमुखको पदमा विभागीय प्रमुखले बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(२) आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका राजपत्राङ्कित तृतीय श्रेणीका सरकारी वकीललाई राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखको पदमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सक्नेछ। यसरी कायम मुकायम मुकरर गरेकोमा त्यसको जानकारी तुरुन्त महान्यायाधिवक्ताको कार्यालयमा दिनु पर्नेछ ।

(३) राजपत्राङ्कित विशिष्ट श्रेणीका सरकारी वकीललाई महान्यायाधिवक्ताले तथा महान्यायाधिवक्ताको कार्यालय र अन्य सरकारी वकील कार्यालयका सरकारी वकील र कर्मचारीलाई सम्बन्धित विभागीय प्रमुखले काज खटाउन सक्नेछ ।

(४) उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका राजपत्राङ्कित र राजपत्र अनङ्कित कर्मचारीलाई वर्षमा बढीमा तीन महीनासम्म आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रको कुनै कार्यालयमा काज खटाउन सक्नेछ। यसरी काज खटाएकोमा त्यसको जानकारी तुरुन्त महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्नेछ ।

८. बिदाः (१) नायब महान्यान्यायाधिवक्ताको बिदा महान्यायाधिवक्ताले र अन्य सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकील तथा कर्मचारीको बिदा सम्बन्धित विभागीय प्रमुखले स्वीकृत गर्न सक्नेछ ।

(२) उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले आफ्नो कार्यालयका सरकारी वकील तथा कर्मचारीको र आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका जिल्ला न्यायाधिवक्ताको बिदा स्वीकृत गर्न सक्नेछ।

(३) विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले सो कार्यालयका सरकारी वकील तथा अन्य कर्मचारीको बिदा स्वीकृत गर्न सक्नेछ ।

(४) जिल्ला सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले आफ्नो कार्यालयको सरकारी वकील तथा अन्य कर्मचारीको बिदा स्वीकृत गर्न सक्नेछ ।

(५) भैपरी आउने बिदा र पर्व बिदा विभागीय प्रमुख र सम्बन्धित सरकारी वकील कार्यालयको प्रमुख स्वयंले लिन सक्नेछ ।

(६) सार्वजनिक बिदामा बन्दीप्रत्यक्षीकरणको प्रयोजनका लागि अदालत खुला भएको अवधिमा खटिएको सरकारी वकील र अन्य कर्मचारीलाई सो अवधिको लागि निजले खाईपाई आएको तलब भत्ताको अतिरिक्त दामासाहीले प्रति दिनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसारको थप रकम समेत प्रदान गरिनेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नेपाल सरकारबाट स्वीकृत हुनु पर्ने बिदाको हकमा सोही बमोजिम हुनेछ ।

## परिच्छेद–३
## कार्यालय प्रशासन तथा निरीक्षण

९. प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनः (१) यस नियमावलीको अधीनमा रही जिल्ला सरकारी वकील कार्यालय सो कार्यालयको सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहने छन् ।

(२) जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकारी वकील कार्यालय सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(३) विशेष सरकारी वकील कार्यालय सो कार्यालयको सहन्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछ ।

(४) सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको कार्यालयको सामान्य प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(५) महान्यायाधिवक्ताको कार्यालयको लेखा उत्तरदायी अधिकृत र प्रशासनिक प्रमुखको जिम्मेवारी वरिष्ठतम विभागीय प्रमुखको हुनेछ ।

(६) महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निरीक्षण तथा अनुगमन गर्ने सरकारी वकीलले देहाय बमोजिमका विषयहरू खुलाई महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) सम्बन्धित सरकारी वकील कार्यालयले गर्नु पर्ने काम कारबाही समयमा तदारुकताका साथ गरे वा नगरेको,

(ख) फौजदारी मुद्दामा अभियोजन गर्दा अनुसन्धानबाट देखिएको सबुद प्रमाणको उचित मूल्याङ्कन गरी अभियोजन गरे वा नगरेको,

(ग) आंशिक रूपमा मुद्दाको अभियोजन गरिएको भए सोको जानकारी उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयलाई समयमै पठाई प्राप्त निर्देशन अनुसार गरे वा नगरेको,

(घ) मुद्दा दायर, साक्षी प्रमाण पेश तथा बकपत्र, बहस पैरवी तथा पुनरावेदन सम्बन्धी काम कारबाहीमा आवश्यक सतर्कता देखाए वा नदेखाएको,

(ङ) सम्पादन गरिएको काम कारबाही गुणात्मक र यथार्थपरक रहे वा नरहेको,

(च) मागिएको कानूनी राय समयमा उपलब्ध गराए वा नगराएको,

(छ) मासिक तथा वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा र समयमा पठाए वा नपठाएको,

(ज) मातहतका सरकारी वकील तथा अन्य कर्मचारीको उचित नियन्त्रण र रेखदेख गरे वा नगरेको,

(झ) लेखा तथा जिन्सी सम्बन्धी काम कारबाही आर्थिक ऐन, नियम बमोजिम भए वा नभएको र तत्सम्बन्धी स्रेस्ता दुरुस्त राखे वा नराखेको,

(ञ) महान्यायाधिवक्ता वा माथिल्लो कार्यालय वा पूर्व निरीक्षणबाट भएको निर्देशन बमोजिमको काम कारबाही भए वा नभएको,

(ट) मिसिल, फाइलको अभिलेख, कानूनका किताब र नेपाल कानून पत्रिका अद्यावधिक रुपमा राखे वा नराखेको,

(ठ) सूचना प्रविधि सम्बन्धी काम कारबाही समयमा गरे वा नगरेको,

(ड) पीडित मैत्री कक्षको व्यवस्थापन र पीडित मैत्री व्यवहार गरे वा नगरेको,

(ढ) समन्वय समितिको बैठक निर्धारित समयमा बसे वा नबसेको,

(ण) माथिल्लो कार्यालयबाट जारी भएका परिपत्र र निर्देशन पालना गरे वा नगरेको,

(त) प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कार्य गरे वा नगरेको।

(८) उपनियम (७) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकील वा कर्मचारीले सम्पादन गर्नु पर्ने कार्य नगरेको वा कार्य सम्पादनमा लापरबाही गरेको वा बदनियतपूर्वक काम गरेको देखिएमा प्रचलित कानून बमोजिम त्यस्तो सरकारी वकील वा कर्मचारीलाई विभागीय कारबाही हुनेछ ।

१०. <u>काम, कारबाहीको प्रतिवेदन:</u> (१) प्रत्येक उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयले आफूले सम्पादन गरेको काम कारबाहीको मासिक तथा वार्षिक प्रतिवेदन निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।

(२) जिल्ला सरकारी वकील कार्यालयले उपनियम (१) बमोजिमको प्रतिवेदन सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको मासिक प्रतिवेदन महिना समाप्त भएको सात दिनभित्र र वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्नेछ ।

तर आर्थिक वर्षको अन्तिम महिनाको मासिक प्रतिवेदन सोही आर्थिक वर्षको वार्षिक प्रतिवेदन साथ पठाउन सकिनेछ ।

(४) उपनियम (१) बमोजिम उच्च सरकारी वकील कार्यालयबाट पठाइने वार्षिक प्रतिवेदनमा आफ्नो र मातहतका सरकारी वकील कार्यालयको भौतिक स्थिति, कार्यबोझ र काम कारबाहीको वास्तविक स्थिति, आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गर्नु पर्नेछ ।

(५) महान्यायाधिवक्ताको कार्यालयले आफूले गरेको काम कारबाहीको मासिक प्रतिवेदन निर्धारित ढाँचामा तयार गर्नु पर्नेछ ।

(६) महान्यायाधिवक्ताले नेपालको संविधान बमोजिम महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट वर्ष भरी भए गरेका कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको प्रतिवेदनमा नेपालको संविधानको धारा १५९ को उपधारा (२) मा उल्लिखित कुराका साथै देहायका कुरा समेत समावेश गर्नु पर्नेछः-

(क) मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसङ्ख्याको तुलनात्मक स्थिति,

(ख) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कसूर ठहर भएको वा सफाइको स्थिति,

(ग) महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरुलाई प्राप्त विनियोजित बजेट, खर्चको स्थिति र श्रोत साधनको व्यवस्था,

(घ) नेपाल सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या र सुधारका उपायहरु,

(ङ) कसूर नियन्त्रणका लागि सुधारका उपायहरु।

परिच्छेद–४

<u>सरकारी वकीलको काम, कर्तव्य र अधिकार</u>

११. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः (१) नेपालको संविधानको धारा १५८ तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकेको पदाधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने,

(ख) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारीको तर्फबाट अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारी समक्ष उपस्थित भई बहस पैरवी गर्ने,

(ग) सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने,

(घ) अदालतबाट भएका आदेश वा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयलाई लेखी पठाउने,

(ङ) प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्नु पर्ने वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा सोको आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा सुधार गर्न र एकरुपता कायम गर्न त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयबीच आवश्यक समन्वय गर्ने,

(छ) कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) मुख्य न्यायाधिवक्ताको काम कारबाहीको सम्बन्धमा एकरुपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

(झ) संविधान तथा सङ्घीय कानूनको कार्यान्वयनको सम्बन्धमा मुख्य न्यायाधिवक्तालाई आवश्यक निर्देशन दिने,

(ज) प्रदेश सरकारको व्यवस्थापनमा रहेका हिरासत, सुधारगृह वा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए वा नभएको सम्बन्धमा मुख्य न्यायाधिवक्ताबाट अनुगमन गराउने।

(२) सर्वोच्च अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्त्वको वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा महान्यायाधिवक्ता वा विभागीय प्रमुखले थप सरकारी वकील खटाउन सक्नेछ ।

(३) सरकारी कार्यालय वा कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने

महान्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले तोकेको अधिकारीले उजुरी नगरेमा वा कुनै अधिकारी तोकेको रहेनछ भने महान्यायाधिवक्ता आफैंले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न वा गर्न लगाउन वा सुझाव वा निर्देशन दिन सक्नेछ ।

१२. <u>नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u> यस नियमावलीको अधीनमा रही नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महान्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,
(ख) कुनै संवैधानिक वा कानूनी विषयमा नेपाल सरकार, नेपाल सरकारको कुनै मन्त्रालय, सचिवालय वा संवैधानिक निकायलाई कानूनी राय सल्लाह दिने,
(ग) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारी वा कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,
(घ) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको लागि नेपाल सरकार वा नेपाल सरकारको अधिकारी वा कर्मचारीको तर्फबाट निवेदन दिने सम्बन्धी कारबाही गर्ने वा गराउने,
(ङ) अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्त्वको वा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेको कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा थप सरकारी वकील खटाउने,
(च) विभागको प्रमुखको रुपमा तोकिएको कार्य गर्ने ।

१३. <u>महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार</u>ः यस नियमावलीको अधीनमा रही महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महान्यायाधिवक्ता र नायव महान्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,
(ख) सर्वोच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने,
(ग) विभागीय प्रमुखले तोके बमोजिम मुद्दा मामिला सम्बन्धी अन्य काम कारबाही गर्ने,
(घ) विभागीय प्रमुखले तोकेको अन्य काम गर्ने ।

१४. <u>अन्य कर्मचारीको काम, कर्तव्य र अधिकारः</u> महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकील बाहेकका अन्य कर्मचारीले दैनिक प्रशासनिक काम कारबाहीका अतिरिक्त मुद्दा मामिलाको बहस पैरवी, प्रतिरक्षा लगायतका काममा विभागीय प्रमुखले तोके बमोजिम सम्बन्धित सरकारी वकीललाई सहयोग गर्नु पर्नेछ ।

१५. <u>उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u> (१) उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको तर्फबाट अभियोगपत्र, पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने वा गराउने तथा बहस पैरवी गर्ने,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,

(ग) आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत र अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने वा गराउने र बहस पैरवी गर्ने,

(घ) महान्यायाधिवक्ताको कार्यालयले खटाएमा आफ्नो प्रादेशिक अधिकारक्षेत्र बाहिरका कुनै अड्डा अदालतमा उपस्थित भई बहस, पैरवी लगायतका काम कारबाही गर्ने,

(ङ) आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारका कार्यालयको प्रमुखले मागेको कानूनी प्रश्नमा राय सल्लाह दिने,

(च) हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

(छ) खण्ड (च) बमोजिम छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्ने,

(ङ) प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने ।

(२) उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले प्रचलित कानूनको अधीनमा रही यस नियमावली बमोजिम आफूमा निहित प्रशासकीय अधिकारमध्ये केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१६. <u>उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकारः</u> उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान, तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र सहन्यायाधिवक्ताबाट भएको कार्य विभाजन अनुसार मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने,

(ग) खण्ड (ख) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा आफ्नै कार्यालयबाट चलाउनु पर्ने मुद्दाको हकमा सम्बन्धित अदालतमा अभियोगपत्र दायर गर्ने,

(घ) नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ङ) सहन्यायाधिवक्ताले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक कार्य गर्ने।

१७. <u>विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u> (१) विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका फौजदारी मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलहरूमा अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,

(ख) उच्च अदालत, पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाडौं र अन्य कुनै अड्डा अदालतमा सुनुवाई हुने नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने,

(ग) उच्च अदालत, पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाडौबाट भएका आदेश वा फैसला उपर निवेदन, पुनरावेदन गर्नुपर्ने भएमा मस्यौदा सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,

(घ) महान्यायाधिवक्ता कार्यालयले तोके बमोजिमका अन्य काम कारबाही गर्ने,

(ङ) प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने ।

(२) विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले यस नियमावली बमोजिम आफूमा निहित प्रशासकीय अधिकारमध्ये केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१८. <u>विशेष सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकारः</u> विशेष सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,

(ख) विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र

सहन्यायाधिवक्ताबाट भएको कार्य विभाजन अनुसार मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,

(ग) नेपाल सरकार वादी भई दायर भएका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम अड्डा अदालतमा बहस पैरवी गर्ने,

(घ) सहन्यायाधिवक्ताले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने।

१९. <u>जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u> (१) यस नियमावलीको अधीनमा रही जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नेपाल सरकार वादी हुने मुद्दामा प्रहरी वा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने,

(ख) नेपाल सरकार वादी भई दायर भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा बहस पैरवी र प्रतिरक्षा गर्ने,

(ग) सम्बन्धित जिल्लामा रहेका नेपाल सरकारका कार्यालयका प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय सल्लाह दिने,

(घ) मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने,

(ङ) प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने ।

(२) यस नियम बमोजिम सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्तालाई भएको प्रशासकीय अधिकार मध्ये केही अधिकार निजले प्रत्यायोजन गरे बमोजिम जिल्ला सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलले प्रयोग गर्न सक्नेछन् ।

२०. <u>जिल्ला सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तब्य र अधिकारः</u> (१) जिल्ला सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने,

(ख) नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान, तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताबाट कार्य विभाजन भए अनुसार मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने,

(ग) खण्ड (ख) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा आफ्नै कार्यालयबाट चलाउनु पर्ने मुद्दाको हकमा सम्बन्धित अदालतमा अभियोगपत्र दायर गर्ने,

(घ) नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ङ) सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने  वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने ।

२१. <u>अनुपस्थित सरकारी वकीलको काम अन्य सरकारी वकीलले गर्न सक्नेः</u> (१) सरकारी वकील कार्यालयमा कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम सो कार्यालयका वरिष्ठतम् सरकारी वकीलले तोके बमोजिम सो कार्यालयको कुनै पनि सरकारी वकीलले गर्न सक्नेछ ।

(२) मातहत कार्यालयको कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम माथिल्लो तहको सरकारी वकील कार्यालयको प्रमुखले तोकेको सरकारी वकीलले गर्न सक्नेछ।

(३) कुनै सरकारी वकील कार्यालय वा निकायमा कार्यरत सरकारी वकील अनुपस्थित रहेको वा पद रिक्त रहेको अवस्थामा यस नियमावली बमोजिम त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम अर्को कार्यालयका सरकारी वकीलले गर्ने गरी महान्यायाधिवक्ताको कार्यालयले वा आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र सम्बन्धित उच्च सरकारी वकील कार्यालयको प्रमुखले तोक्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) मा जनुसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयले विशेष अवस्थामा कुनै पनि तहको सरकारी वकीललाई विशेष जिम्मेवारी दिई नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्न वा बहस पैरवी गर्न कुनै सरकारी वकील कार्यालयमा खटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम खटिई आएका सरकारी वकीललाई सहयोग गर्नु सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीको कर्तव्य हुनेछ।

## परिच्छेद–५

## <u>पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनका लागि निवेदन दिने सम्बन्धी कार्यविधि</u>

२२. <u>पुनरावेदन गर्ने सम्बन्धी कार्यविधिः</u> (१) नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर मिसिल संलग्न प्रमाणबाट पुनरावेदन गर्नु पर्ने देखिएमा त्यस्तो मुद्दा अभियोजन वा बहस पैरवी गर्न वा फिराद दायर गर्न वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदनको मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन गर्ने म्याद शुरु भएको दश दिनभित्र पठाई सक्नु पर्नेछ ।

तर जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा निवेदन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदनको मस्यौदा प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नु पर्ने देखिएमा नेपाल सरकारको तर्फबाट सम्बन्धित अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

२३. पुनरावेदन नगर्दाको कार्यविधिः (१) नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय सम्बन्धित सरकारी वकील कार्यालयले माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदनको म्याद शुरु भएको दश दिनभित्र पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पुनरावेदन गर्नु नपर्ने वा पुनरावेदन गर्न उपयुक्त नहुने देखेमा पुनरावेदन नगर्ने आधार र कारण सहित निकासाका लागि मिसिल प्राप्त भएको दश दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्नु वा गराउनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिम उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले गर्न सक्नेछ। यसरी निर्णय भएकोमा सोको अभिलेख राखी निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

२४. मुद्दा दोहोऱ्याउने निवेदन सम्बन्धी कार्यविधिः (१) न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा तोकिएको सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ताको कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(२) कुनै मुद्दामा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लेख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारित ढाँचामा सोको विवरण महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

२५. निवेदन सम्बन्धी कार्यविधिः (१) कुनै अदालत, निकाय वा अधिकारीबाट भएको आदेश वा अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ वा प्रचलित कानून बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन उपयुक्त लागेमा त्यस्तो मुद्दामा अभियोजन गर्न वा वहस पैरवी गर्न तोकिएको सरकारी वकीलले निवेदनको मस्यौदा तयार गरी आदेशको जनाउ प्राप्त भएको पाँच दिनभित्र जिल्ला सरकारी वकील कार्यालयले भए उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले भए महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्ताव पठाउनु पर्नेछ।

तर जिल्ला अदालतमा निवदेन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले निवेदन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिन उपयुक्त नभएमा सम्बन्धित सरकारी वकीलले निवेदन गर्नु नपर्नाको आधार र कारण खोली प्रमाणित गरी राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रस्ताव अध्ययन गर्दा निवेदन गर्नु पर्ने देखिएमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरे बमोजिम विभागीय प्रमुखले सम्बन्धित अदालतमा निवेदन गर्ने वा गर्न लगाउनेछ ।

२६. पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा मुद्दा दोहोर्‍याउन निवेदन दिन आदेश दिन सक्ने: नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोर्‍याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ ।

२७. मुद्दाको कागजात सहित प्रस्ताव पठाउने: (१) यस परिच्छेद बमोजिम पुनरावेदन वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा अदालत वा न्यायिक निकायको निर्णय एवं मिसिल संलग्न कागजात समेत राखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्ने, नगर्ने वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा सो गर्नु पर्ने वा गर्नु नपर्ने आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

२८. इतलायनामा वा सूचना तामेल भएपछिको कारबाही: नेपाल सरकार उपर वा सरकारी कामको सिलसिलामा सरकारी कर्मचारी उपर परेको नालिस उजुरका सम्बन्धमा अदालतबाट जारी भएको इतलायनामा वा सूचना सरोकारवाला सरकारी वकीलले पाउनासाथ संलग्न कागजात सहित सम्बन्धित कार्यालय वा कर्मचारीलाई तुरुन्त पठाई दिनु पर्नेछ ।

२९. सरकारी कर्मचारी उपर मुद्दा परेमा: (१) सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर परेको मुद्दामा अदालतबाट इतलायनामा वा सूचना सम्बन्धित कर्मचारीले पाएपछि निजले सो मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा होस् भन्ने चाहेमा निजको विभागीय प्रमुख समक्ष देहायका कुराहरू खुलाई तुरुन्त निवेदन गर्नु पर्नेछः-

(क) मुद्दाको नाम र सङ्ख्या,
(ख) कुन मितिमा कुन अदालतमा दायर गरिएको हो सो कुरा,
(ग) सबै पक्षहरूको नाम नामेसी,
(घ) दाबीको मोल बिगो,
(ङ) अदालतमा प्रतिउत्तर वा प्रतिवाद गर्नु पर्ने म्याद र सो म्याद थमाउनु पर्ने भए सो कुरा,
(च) प्रचलित कानून बमोजिम मुद्दा गरिने सूचना प्राप्त भएको वा नभएको, प्राप्त भएको भए प्राप्त भएको मिति,
(छ) मुद्दामा वादीले पेश गरेको र प्रतिवादीबाट पेश हुने प्रमाणका लिखत कागजात,
(ज) सम्बन्धित सरकारी वकीलको राय, र
(झ) मुद्दा सम्बन्धी भए गरेका कारबाहीका कागजात ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा त्यस्तो कर्मचारीको विभागीय प्रमुखले सम्बन्धित कागजात सहित प्रतिरक्षाका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा लेखी पठाउन सक्नेछ।

(३) सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर मुद्दा परेमा उपनियम (१) र (२) बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनी त्यस्तो कर्मचारीको विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सरकारी, सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिरक्षा गरिदिनु पर्नेछ ।

३०. नेपाल सरकार उपर परेको मुद्दा सम्बन्धमा कारबाहीः (१) नेपाल सरकार उपर परेको मुद्दामा वा नेपाल सरकारको तर्फबाट दायर हुनु पर्ने मुद्दामा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन पेश गर्नु अघि सम्बन्धित सरकारी वकीलसँग आवश्यक कानूनी सल्लाह लिई त्यस्तो फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद, पुनरावेदन र सो मुद्दासँग सम्बन्धित कागजात एवं प्रमाण सङ्कलन गरी गराई आफु पेश गर्नु पर्नेमा सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ र सरकारी वकीलबाट पेश गर्नु पर्नेमा सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ । यसरी सरकारी वकीलबाट पेश गर्नु पर्ने भई प्राप्त भएको फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दायर भएको मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित निकायले सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिरक्षा गर्न लेखी पठाउँदा सम्बन्धित मिसिल कागजात समेत दुरुस्त राखी पठाउनु पर्नेछ। सम्बन्धित अधिकृत वा पदाधिकारीले आवश्यक कागजात नपठाएको कारणले मुद्दामा असर पर्न गएमा सोको जानकारी सम्बन्धित सरकारी वकीलले विभागीय प्रमुखलाई गराउनु पर्नेछ ।

३१. सरकारी वकीलसँग परामर्श लिने र फाइल पठाउने: (१) सरकारी वकीलबाट दायर हुने बाहेकका नेपाल सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले नेपाल सरकार वा सरकारी कर्मचारी उपर दायर गरेको मुद्दामा पुनरावेदन गर्न, पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन गर्ने निर्णय गर्नु अघि सम्बन्धित अधिकृतले चाहेमा महान्यायाधिवक्ताको कार्यालयमा सो विषयमा परामर्श गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा वा पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन दिँदा सम्बन्धित निकायले आवश्यक परेमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी आवश्यक लिखत कागजात वा निवेदन तयार गरी अदालतमा दर्ता गराई सकेपछि फाइल बहस पैरवीको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

३२. अदालतबाट भएका फैसला वा आदेश बमोजिम भरिभराउ गर्ने: नेपाल सरकार वा सरकारी कर्मचारीको विरुद्ध परेको वा नेपाल सरकारका तर्फबाट प्रतिरक्षा गरिएको मुद्दामा अदालतले गरेको फैसला वा आदेश अन्तिम भएपछि प्रचलित कानूनको म्यादभित्र सो बमोजिम भरी भराउको लागि लेखी आएमा सम्बन्धित अधिकारीले भरी भराउको कारबाही गरी दिनु पर्नेछ।

## परिच्छेद ६
## मिलापत्र सम्बन्धी व्यवस्था

३३. विचाराधीन मुद्दा मिलापत्र गर्नेः (१) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम नेपाल सरकार वादी भएको मुद्दा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान गरी मिलापत्र गर्न मनासिब देखिएमा दुबै पक्षलाई निवेदन सनाखत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मिलापत्रका लागि जिल्ला सरकारी वकील कार्यालयले पठाएको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालयलाई समेत दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको मिसिल अध्ययन गर्दा निवेदन माग बमोजिम गर्न उपयुक्त देखिएमा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेको नायब महान्यायाधिवक्ताले मिलापत्र गर्ने आदेश गरी सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल सहित पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रको लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको निवेदन महान्यायाधिवक्ताको कार्यालय वा उच्च सरकारी वकील कार्यालयमा पर्न आएमा त्यस्तो निवेदन आवश्यक कारबाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले यस नियममा उल्लिखित प्रक्रिया बमोजिम कारबाही अगाडी बढाउनु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम संरक्षकलाई रोहवरमा राख्नु पर्ने प्रकृतिको मुद्दामा मिलापत्र गर्नु परेमा संरक्षकलाई रोहवरमा राख्नु पर्नेछ।

## परिच्छेद–७

## विविध

३४. सरकारी वकीललाई सहयोग गर्न कर्मचारी खटाउनु पर्नेः (१) नेपाल सरकार वादी भएको मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दा कुनै अड्डा अदालतमा चलिरहेको अवस्थामा वा त्यस्तो मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका अन्य काममा सरकारी वकीलले सहयोग माग गरेमा सम्बन्धित अधिकारीले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई दिनु पर्नेछ ।

(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मिसिल कागजात प्राप्त नभएमा त्यस्तो मुद्दामा सरकारी वकीलले प्रतिरक्षा गर्न इन्कार गर्न सक्नेछ ।

३५. विभागीय कारबाही गर्न लेखी पठाउन सक्नेः (१) सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः–

(क) मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालना नगरेको वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन,

निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा त्यस्तो निर्देशन पालना नगर्ने वा सहयोग नगर्ने अधिकारी वा कर्मचारी,

(ख) कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल, फाइल वा कागजात नपठाउने सम्बन्धित अधिकारी वा कर्मचारी,

(ग) मुद्दाको सिलसिलामा वा कानूनी रायका लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै अधिकारी वा कर्मचारीले कानून उल्लङ्घन गरेको वा हेलचेत्र्याई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा दुःख वा हैरानी दिने नियतले काम गरेको देखिएमा त्यस्तो अधिकारी वा कर्मचारी,

(घ) नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीलको निर्णयभन्दा फरक दाबी लिई अभियोग पत्र वा फिराद पत्र दायर गरेमा त्यस्तो कर्मचारी,

(ङ) नेपाल सरकार वादी हुने मुद्दामा सरकारी कर्मचारीले अनुसन्धानको क्रममा पेश गरेको प्रतिवेदन वा गरेको कागजलाई खण्डन हुने गरी झुठ्ठा बकपत्र गरेमा त्यस्तो कर्मचारी ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा मनासिब देखिएमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्ताले विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्ने आधार देखेमा सम्बन्धित कर्मचारी वा अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरी विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ ।

३६. <u>निर्णयको जानकारी पठाउनु पर्ने:</u> (१) प्रचलित कानून बमोजिम अनुसन्धान पूरा भई प्राप्त भएको मिसिलमा मुद्दा नचल्ने गरी निर्णय भएकोमा सो निर्णय भएको मितिले तीन दिनभित्र मिसिल कागजात सहित जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा निकासाको लागि पठाउनु पर्नेछ। यसरी पठाउँदा सम्बन्धित मुद्दाको हदम्याद समेतलाई विचार गरी छिटो साधन वा माध्यमद्वारा पठाउनु पर्नेछ ।

(२) विशेष सरकारी वकील कार्यालयमा प्राप्त भएका मिसिलमा सो कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सम्बन्धित मिसिल कागजात निकासाको लागि उपनियम (१) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) आंशिक रुपमा मुद्दा नचल्ने निर्णय भएमा समेत उपनियम (१) वा (२) बमोजिम गर्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिमको जानकारी नपठाउने सरकारी वकीललाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

३७. <u>अभियोगपत्र संशोधन सम्बन्धमा</u>ः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधन गर्न आवश्यक भएमा सम्बन्धित सरकारी वकील कार्यालयले आफ्नो राय सहित महान्यायाधिवक्ताको स्वीकृतिका लागि मिसिल कागज पठाई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

३८. सरकारी वकीलसँग राय माग्दा पुऱ्याउनु पर्ने रीतः कुनै संवैधानिक वा कानूनी प्रश्नमा सरकारी वकीलसँग राय माग गर्दा देहाय बमोजिम गरी माग गर्नु पर्नेछः-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्ने,

(ग) राय मागिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्ने,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र सरकारी वकीलसँग राय मागिएको हुनु पर्ने,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्ने ।

३९. राय माग गरिएको र राय दिइएको विषय गोप्य हुनेः नियम ३८ बमोजिम सरकारी वकीलसँग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुनेछ ।

४०. बहसमा सरकारी वकीलको तजबिजः (१) सरकारी वकीलले बहस पैरवी गर्दा व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी वकीलले बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारबाही गरिने वा मुद्दा चलाईने छैन ।

४१. कानून व्यवसाय गर्न सक्नेः सरकारी वकीलले नेपाल सरकारको हक, हितमा प्रतिकूल असर नपर्ने र नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने तथा कार्यालयको काममा बाधा नपुग्ने गरी महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको अधिकांश स्वामित्व भएको कुनै सङ्गठित संस्थामा कानून व्यवसाय गर्न, त्यस्तो सङ्गठित संस्थाको तर्फबाट बहस पैरवी गर्न वा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा अध्यापन, अनुसन्धान, अन्वेषण तथा प्रशिक्षण गर्न सक्नेछ ।

४२. महान्यायाधिवक्ताले निर्देशन दिन वा अधिकार प्रत्यायोजन गर्न सक्नेः (१) नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अधिकारी तथा सरकारी वकीलको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा वा कानूनी विषयमा दिएको निर्देशनको पालना गर्नु वा गराउनु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

(३) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ता वा विभागीय प्रमुखले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

४३. व्यवस्थापन समितिः (१) सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण गर्न तथा नीतिगत विषयमा निर्णय लिनका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

(क) महान्यायाधिवक्ता -अध्यक्ष
(ख) विभागका प्रमुखहरू -सदस्य
(ग) प्रशासन हेर्ने सहन्यायाधिवक्ता -सदस्य–सचिव

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) महान्यायाधिवक्ताको पद रिक्त भएको वा कुनै कारणले लामो समयसम्म महान्यायाधिवक्ता कार्यालयमा अनुपस्थित भएको अवस्थामा व्यवस्थापन समितिका अन्य सदस्यहरू मात्र उपस्थित भई व्यवस्थापन समितिको बैठक बसी निर्णय गर्न सकिनेछ ।

(४) व्यवस्थापन समितिले आफनो बैठकमा आवश्यकता अनुसार कुनै सरकारी वकील, विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गर्नेछ ।

४४. समन्वय समितिको सचिवालय सम्बन्धी व्यवस्थाः (१) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम गठन हुने समन्वय समितिले गर्ने काम कारबाहीमा सहयोग गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा समन्वय समितिको सचिवालय रहनेछ ।

(२) समन्वय समितिको सचिवालयमा आवश्यक सङ्ख्यामा सरकारी वकील रहनेछन्।

(३) उपनियम (१) बमोजिमको सचिवालयले समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने गराउने, अनुगमन गर्ने, समितिका निर्णय अभिलेखिकरण गर्ने तथा समन्वय समितिले तोकेको अन्य कार्य गर्नेछ ।

४५. नीति व्यवस्थापन समूहः (१) सरकारी वकील कार्यालयको सुदृढीकरण लगायत नीति निर्माणसँग सम्बन्धित विषयमा महान्यायाधिवक्ता तथा व्यवस्थापन समितिलाई सुझाव तथा परामर्श उपलब्ध गराउन महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरु रहेको एक नीति व्यवस्थापन समूह रहनेछ ।

(२) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको सचिवको रुपमा प्रशासन शाखा हेर्ने उपन्यायाधिवक्ताले काम गर्नेछ ।

४६. नेपाल सरकारको अधिकारः नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी सरकारी वकील कार्यालय तथा सरकारी वकीलको प्रशासन सम्बन्धमा समय समयमा आवश्यक व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

४७. सरकारी वकीललाई अन्य काममा खटाउनेः (१) सरकारी वकीलको दरबन्दी कायम भएको स्थानमा बाहेक सरकारी वकीललाई सो पदले गर्ने कामसँग सम्बन्धित काममा मात्र खटाउन सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकील कार्यालयको कार्य सम्पादनमा प्रभाव नपर्ने गरी संवैधानिक आयोग, नेपाल सरकारबाट गठन हुने आयोग, समिति, कार्यदल वा निर्वाचनको काममा सरकारी वकीललाई खटाउन सकिनेछ ।

४८. कार्यदल गठन गर्न सक्नेः (१) सरकारी वकीलको कार्य सम्पादनलाई प्रभावकारी बनाउन वा सरकारी वकीलसँग सम्बन्धित कुनै कानूनी व्यवस्थाको पुनरावलोकन गर्न वा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले आवश्यकता अनुसार विभिन्न कार्यदल वा अनुसन्धान समूह गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएका कार्यदल वा अनुसन्धान समूहको कार्यादेश र जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

४९. यसै नियमावली बमोजिम हुने: यस नियमावलीमा उल्लेख भएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५०. खारेजी र बचाउ: (१) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ खारेज गरिएको छ ।

(२) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,

# ५. प्रशिक्षण, तालिम

## १. सरकारी वकीलहरुका लागि प्रशिक्षण

| सि.नं | मिति | विषय | स्थान | सहभागी संख्या | आयोजक | सहयोग |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

२. राजपत्र अनंकित कर्मचारीहरुका लागि प्रशिक्षण

| सि.नं | मिति | विषय | स्थान | सहभागी संख्या | आयोजक | सहयोग |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

## ६. परिपत्र र निर्देशन

मिति : २०७६।१०।०६

**विषय** : बाल सुधार गृहमा तत्काल सुधार सम्बन्धमा ।

श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं

नेपालको संविधान र सरकारी वकील सम्बन्धी नियमावलीले महान्यायाधिवक्तलाई कारागार तथा हिरासत कक्षमा रहेका व्यक्तिहरु उपर मानवोचित व्यवहार भए नभएको वा आफन्त वा कानून व्यवसायी मार्फत भेटघाट गर्न दिए नदिएको सम्बन्धमा अनुगमन गर्न दिएको जिम्मेवारी बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट सो सम्बन्धी अनुगमन प्रतिवेदन वार्षिक रुपमा प्रस्तुत हुँदै आएको व्यहोरा विदितै छ । सो क्रममा यस वर्ष गरिएको बाल सुधार गृह, रुपन्देहीको अनुगमनमा सो सुधार गृहको व्यवस्थापनको अवस्था निक्कै नै दयनीय रहेको देखिएको छ । सो अनुगमनबाट देखिएका विषयमा सरोकारवाला निकायका प्रतिनिधिहरुसँग मिति २०७६।१०।०५ मा गरिएको छलफलमा अन्य बाल सुधारमा पनि समान रुपमा समस्याहरु रहेको जानकारी प्राप्त भएको सन्दर्भमा यो पत्र लेखिएको छ । बाल सुधार गृहको अनुगमन र सरोकारवालाहरुसँगको छलफलबाट बाल सुधार गृहको व्यवस्थापनका लागि तत्काल देहाय बमोजिमको कार्य गर्नु पर्ने देखिएको व्यहोरा अनुरोध गर्दछु ।

१. नेपालको संविधानले मौलिक हकमा बालबालिकाको हकको प्रत्याभूति गरेको र सो हकमा प्रत्यक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित ियाहार, खेलकुद, मनोरञ्जन तथा सर्वागिण व्यक्तित्व विकासको हकलाई सुनिश्चित गरेको सम्बन्धमा बाल सुधार गृहमा रहेका बालबालिकाका लागि समेत सो अनुसारको व्यवहार गर्नु पर्ने आवश्यकता रहेको छ । कानूनको द्वन्द्वमा परी राज्यको नियन्त्रणमा आएका बालबालिकाहरुलाई पनि उक्त हकको प्रयोग र पालना हुने व्यवस्था गर्नुपर्ने दायित्व हुँदा बाल सुधार गृहमा बालमैत्री वातावरण निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

२. बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले समेत बालबालिकाको हित संरक्षण गर्नुपर्ने व्यवस्था गरेका छन् । सो बमोजिम बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई आधारभूत मानवोचित व्यवहारको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन आउँछ । क्षमताभन्दा अधिक बालबालिकालाई सुधार गृहमा राख्दा कारागारभन्दा पनि असहज अवस्था देखिएको सन्दर्भमा आधाभूत मानवोचित व्यवहार हुन सक्ने गरी बाल सुधार गृहको क्षमता व्यवस्थापन गर्न प्राथमिकतापूर्वक कार्य गर्नु पर्ने देखिन्छ ।

३. बालबालिका उपर गरिनु गर्ने मानवोचित व्यवहार धित्र बाल सुधार गृहमा उपयुक्त कक्ष, शिक्षा, स्वास्थ्य एवम् मनोरञ्जन समेतका लागि आवश्यक व्यवस्थापन हुन नसकेको र क्षमताभन्दा धेरै संख्यामा बालबालिका राखेको कारणले बाल मनोविज्ञानमा नकारात्मक असर परेको देखिएको छ । बाल सुधार गृहमा रहेको बालबालिकाको संख्याका अनुपातमा उपयुक्त कक्ष, शौचालय, पानीको प्रबन्ध, प्रकाशको व्यवस्था समेतका आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था तत्काल गर्नु उपयुक्त हुन्छ ।

४. बाल सुधार गृहमा रहेका बालबालिकाका लागि निर्धारित खाना खर्च अपर्याप्त रहेको देखिएकोले हाल उपलब्ध गराइएको खाना खर्चका अतिरिक्त कम्तीमा प्रतिव्यक्ति प्रति दिन रु ५० का दरले बाल सुधार गृहमा खाजा खर्चको निकाशा दिनु उपयुक्त हुने देखिन्छ ।

५. बाल सुधार गृहमा रहेका बालबालिकालाई उमेर समूहमा वर्गीकरण गरी सो अनुसारको पूर्वाधार, आधारभूत मनोरञ्जन र खेलकुदको प्रबन्ध गरिनु उपयुक्त हुन्छ । विद्यालय उमेरका बालबालिकाहरु बाल सुधार गृहमा रहेको अवस्था हुँदा राहत शिक्षक सरह शिक्षकको व्यवस्थापन गरी अध्ययन अध्यापनको कार्यलाई नियमित गर्नु पर्ने देखिन्छ । खास गरी अंग्रजी, विज्ञान र गणित विषयका शिक्षकका लागि नेपाल सरकारले निर्धारण गरेको राहत दरबन्दी अनुसार आवश्यक पर्ने रकम बाल सुधार गृहलाई तत्काल उपलब्ध गराई पठन पाठन कार्य प्रारम्भ गर्नु उपयुक्त देखिन्छ ।

६. बाल सुधार गृहमा नियमित रुपमा पत्रपत्रिका एवम् पुस्तकको प्रबन्ध गर्न तत्काल थप स्रोत व्यवस्थापन गर्नु पर्ने देखिन्छ । सो प्रयोजनका लागि प्रत्येक बाल सुधार गृहलाई पुस्तकालय स्थापना र सञ्चालका लागि वार्षिक रुपमा कम्तीमा तीन लाख रुपैयाँ उपलब्ध गराउनु उपयुक्त देखिन्छ ।

७. बाल मनोविज्ञानमा सुधारका लागि नैतिक शिक्षा, योग, ध्यान, साधना, व्यावसायिक तालिम लगायतका सुधारका प्रक्रियाहरु तत्काल प्रारम्भ गरिनु पर्दछ । बाल सुधार गृहका लागि आवश्यक सुरक्षा व्यवस्था गर्न र बाल सुधार गृहमा रहेका बालबालिकाको आवश्यक उपचारको प्रबन्ध गर्नुपर्ने देखिन्छ । बाल सुधार गृहमा कम्तीमा हप्ताको एक दिन नजिकको अस्पतालका चिकित्सकबाट नियमित स्वास्थ्य परीक्षण गराई सो को अभिलेख व्यवस्थित राख्नु उपयुक्त हुन्छ ।

८. बाल सुधार गृहमा रहेका बालबालिकाहरुले आफन्त तथा अभिभावकहरुसँग कुराकानी गर्न टेलिफोन सुविधा समेत नभएको भनी गुनासो गरेको सन्दर्भमा निजहरुलाई अभिभावक वा आफन्तसँग सम्पर्क गर्नका लागि आवश्यक टेलिफोन सुविधा उपलब्ध गराउने व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

९. महान्यायाधिवक्ताको कार्यालयबाट बाँकी बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि दीर्घकालीन र अल्पकालिन उपाय सहितको प्रतिवेदन यथाशीघ्र चाँडो प्रस्तुत गरिने व्यहोरा समेत सादर अनुरोध गर्दछु ।

(अग्नि प्रसाद खरेल)
महान्यायाधिवक्ता

**बोधार्थ**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय : बाल सुधार गृहको व्यवस्थापनमा सुधारका लागि आवश्यक सहजीकरणका लागि सादर अनुरोध छ ।

श्री गृह मन्त्रालय : बाल सुधार गृहमा आवश्यक सुरक्षाको व्यवस्थापनका लागि ।

श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय : उपरोक्तानुसार अर्थ मन्त्रालय समेतका सम्बद्ध निकायहरुसँग समन्वय गरी बाल सुधार गृहमा आवश्यक स्रोत व्यवस्था गरी सुधारको प्रक्रिया प्रारम्भ गर्नका लागि ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरी बाल सुधार गृहमा नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थाका लागि ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय : बाल सुधार गृहमा आवश्यक शैक्षिक व्यवस्थापनकबा लागि ।

श्री केन्द्रिय बाल न्याय समिति : जिल्ला बाल न्याय समितिबाट बाल सुधार गृहको नियमित अनुगमन गर्ने व्यवस्थाका लागि ।

श्री प्रहरी प्रधान कार्यालय : जानकारीका लागि ।

२०७७।०४।०९

विषय : **सरकारी पक्षको प्रतिरक्षा थप प्रभावकारी बनाउने सम्बन्धमा ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री सर्वोच्च अदालत

श्री व्यवस्थापिका संसद सचिवालय

श्री सबै मन्त्रालयहरु

श्री सबै संवैधानिक निकायहरु

श्री नेपाल सरकारका केन्द्रीय तहका कार्यालयहरु

नेपाल सरकारका निकायहरुलाई विपक्षी बनाई दायर भएका रिट निवेदनमा त्यस्ता निकायहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ प्रस्तुत गर्ने क्रममा कतिपय निकायहरुले रिट निवेदनमा उठाइएका विषयमा प्रष्ट जवाफ उल्लेख नगर्ने, प्रश्न उठाइएका विषयमा भएका निर्णय एवम् कागजातका प्रतिलिपिहरु लिखित जवाफका साथ समावेश नहुने, एउटै विषयमा विभिन्न सरकारी निकायहरुका जवाफ भिन्न हुने र कतिपय अवस्थामा विरोधाभाषपूर्ण समेत हुने र जिम्मेवार अधिकारीहरुलाई सम्पर्क गरी विवादित विषयमा जानकारी लिन खोज्दा सहज रुपमा जानकारी प्राप्त नहुने, खासगरी अन्तरिम आदेशका लागि छलफलमा उपस्थित हुनका लागि अदालतबाट पठाइएको सूचना प्रायःजसो सरकारी निकायहरुले सम्बन्धित विवादको विषय र सोसँग सम्बन्धित कागजात उपलव्ध गराउने विषयमा अग्रसरता नजनाएको कारण बहस पैरवी गर्न असहज हुने लगायतका समस्याहरु महान्यायाधिवक्ताको कार्यालयले सामना गरिरहनु परेको र त्यस्तो अवस्थामा सरकारी निकायको प्रतिनिधित्व र प्रतिरक्षा प्रभावकारी हुन नसक्ने व्यहोरा अनुरोध छ । सर्वोच्च अदालतबाट स्थापित सिद्धान्त र आदेशसँग मेल नखाने गरी गरिएका निर्णय उपर परेका रिटमा प्रतिरक्षा गर्ने विषय झन जटिल हुने गरेको छ । तसर्थ सरकारी पक्षको प्रतिरक्षालाई थप प्रभावकारी बनाउनका लागि देहाय बमोजिम हुने व्यवस्था गरी सहयोग गरिदिनु हुन निर्देशनानुसार सादर अनुरोध छ :

क. सरकारी निकायहरुले लिखित जवाफ प्रस्तुत गर्दा रिट निवेदनमा उठाइएका प्रश्नहरुलाई कानून, सिद्धान्त एवम् अभ्यासका आधारमा प्रस्टरुपमा जवाफमा उल्लेख गरी सोसँग सम्बन्धित कागजातको एक प्रति सरकारी वकीलको मिसिलमा समेत रहने गरी लिखित जवाफ साथ पेश गर्ने व्यवस्था गरिदिनु हुन ।

ख. एकभन्दा बढी सरकारी कार्यालयहरु विपक्षी भएका रिट निवदेनमा लिखित जवाफ तयार गर्दा विपक्षी बनाइएका सरकारी निकायहरुले समन्वय गरी समान धारणा हुने गरी जवाफमा एकरुपता कायम हुने व्यवस्था गरिदिनु हुन ।

ग. सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्देशन र प्रतिपादित सिद्धान्त अनुकूल सरकारी निकायबाट निर्णय हुने र सो व्यहोरा स्पष्ट खुलाई लिखित जवाफमा उल्लेख हुने व्यवस्था गरिदिनु हुन ।

घ. अन्तरिम आदेशको छलफलमा उपस्थित हुनका लागि सूचना प्राप्त भएपछि सो सम्बन्धी निर्णय एवम् कागजातसहित रिट निवेदनमा उठाइएका प्रश्नमा बहस बुँदासहित सम्बन्धित सरकारी वकीललाई सो विषयमा जानकारी प्रदान गरिदिनु हुन ।

ङ. आफ्नो निकायसँग सम्बन्धित रिटको प्रतिरक्षालाई प्रभावकारी बनाउन तहाँ कार्यालयका सम्बन्धित कर्मचारी र बहस पैरवीमा खटिने सरकारी वकीलसँग छलफल गरी आवश्यक सूचना एवम् जानकारी प्राप्त हुने व्यवस्था गरिदिनु हुन ।

च. उल्लिखित जानकारी तहाँ मातहतका निकायहरुलाई समेत गराई दिनु हुन ।

छ. नेपाल सरकारका सबै केन्द्रीय निकायहरुले आफ्नो एवम् मातहतका निकाय उपर परेका मुद्दा तथा रिटको प्रतिरक्षाका लागि सहजीकरण गर्न एकजना सम्पर्क व्यक्ति तोक्नका लागि यस अघि पनि पत्राचार गरिएकोमा कतिपय निकायका तोकिएका पदाधिकारी परिवर्तन हुनु भएको जानकारी प्राप्त भएको हुँदा सम्पर्क व्यक्तिको विवरण अध्याबधिक गर्नका लागि देहायको ढाँचामा तहाँ निकायको सम्पर्क व्यक्तिको विवरण ७ दिनभित्र उपलब्ध गराई दिनु हुन ।

सम्पर्क व्यक्तिको विवरण

| पद | नाम | कार्यालयको फोन नम्बर | मोवाइल नम्बर | इमेल |
|---|---|---|---|---|
| | | | | |

**सम्पर्क**

शाखा अधिकृत श्री शिव वाग्ले

मोवाइल नं. ९८४५०७८१२९

इमेल :

**(श्यामकुमार भट्टराई)**
**सहन्यायाधिवक्ता**

●●●